जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वडा दशैं तेस्रो दिन
माँ चन्द्रघण्टाको पूजा
पिण्डजप्रवरारूढा चण्डकोपास्त्रकेर्युता। प्रसादं तनुते मह्यं चंद्रघण्टेति विश्रुता॥

वर्ष २६ • अंक १३९ • २०८१ साल आश्विन १९ गते शनिबार (5 October, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-


## सरकार समन्वयका लागि स्टेरिंग कमिटी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारमा मुख्यमन्त्री सतीश कुमार सिंहले अनावश्यक हस्तक्षेप गरेको आरोप नेपाली कांग्रेसले लगाएपछि सत्तारुढ गठबन्धन दलहरुले 'स्टेरिंग कमिटी' गठन गरेका छन् । लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा) नेपाल मधेश प्रदेश संसदीय दलका उपनेता उपेन्द्र महतोको संयोजकत्वमा ४ सदस्यीय समिति गठन गरिएको छ ।

सो समितिमा एमालेबाट प्रमोद जयसवाल, कांग्रेसबाट शेषनरायण यादव र जनमत पार्टीबाट सञ्जय यादवलाई चयन गरिएको छ ।

मुख्यमन्त्री सिंहले मनपरी गर्दै सरकारी नियुक्त गरेको र गठबन्धनमा समेत छलफल नगरेको आरोप लागेपछि सत्ता गठबन्धन दलका सांसदहरु राखेर नियुक्तिको आवश्यकता र प्रभावकारिता अध्ययनका लागि समिति गठन गरेको जनाइएको छ ।

सत्ता गठबन्धन दलहरुको शुक्रबार बसेको बैठकले सरकारको कामकाजलाई प्रभावकारी बनाउन 'स्टेरिंग कमिटी' ले समन्वयकारी भूमिका निर्वाह गर्ने जिम्मेवारी दिएको छ ।

कांग्रेसले आफ्नो भूमिकालाइ सरकारमा प्रभावकारी बनाउन चाहेको छ । तर मुख्यमन्त्री सिंहले कांग्रेसको मन्त्रालयमा अनावश्यक हस्तक्षेप गरी कामकाज गर्न नदिएको आरोप लगाएको थियो ।

सत्तागठबन्धन दलहरु मध्ये मुख्यमन्त्री सिंह र एमालेबाट सरकारमा रहेका मन्त्रीहरुबीच तालमेल राम्रो देखिए पनि कांग्रेस मुख्यमन्त्रीको क्रियाकलापबाट असन्तुष्ट देखिएको छ ।

नेकाँ संसदीय दलले सरकारको नेतृत्वका लागि दबाब बढाए पनि कांग्रेसबाट मन्त्री रहेकाहरुले यही सरकारलाई निरन्तरता दिने बताइरहेका छन् ।

तर मधेश प्रदेश सरकारको नेतृत्वबाट जनमत पार्टीलाई बाहिर गर्न प्रधानमन्त्री केपी शर्मा ओलीले चाहेको स्रोतले जनाएका छन् । जनमतका अध्यक्ष डा.सी.के.राउतले पछिल्लो समयमा संघीय सरकार विरुद्ध अभिव्यक्ति दिएपछि प्रधानमन्त्री ओली चिढिएका छन् ।

# कमिसनको खेलमा गृह, सञ्चार

## सिँचाईले ८ करोड र भौतिकले ५ करोड खर्च गर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा वर्षा र बाढीबाट प्रभावित रौतहट, सर्लाही र सप्तरी जिल्लामा सरकारलाई तत्काल राहत र पुनःनिर्माणको कार्यलाई तत्काल अगाडि बढाउन नेपाली कांग्रेस संसदीय दलले आग्रह गरेको छ ।

नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलका नेता कृष्णा यादवको अध्यक्षतामा शुक्रबार बसेको दलको बैठकले मधेशमा बढी प्रभावित रहेको रौतहट, सर्लाही र सप्तरी जिल्लामा सिँचाई, तटबन्ध र सडक निर्माणलाई तत्काल अगाडी बढाउन सरकारलाई आग्रह गर्ने निर्णय गरेको छ ।

बैठकले उर्जा, सिँचाई तथा खानेपानी मन्त्रालयमा विपत् व्यवस्थापनका लागि विनियोजित ८ करोड र भौतिक पूर्वाधार मन्त्रालयमा रहेको ५ करोड रुपैयाँ प्रभावित क्षेत्रहरुमा खर्च गरी कृषि र आवतजावतलाई सहज बनाउन माग गरेको छ ।

नेपाली कांग्रेसले दशैं मनाउन विभिन्न स्थानबाट घर फर्किरहेकाहरुलाई गाउँसम्म पुग्न सहज बनाउन भौतिक पूर्वाधार मन्त्रालयले आवश्यकता अनुसार लगानी गर्ने र उर्जा, सिँचाई तथा खानेपानी मन्त्रालयले बाढीको कारण पिउने पानीको समस्या, कटानले वस्ती विस्थापित भएकाहरुलाई तत्काल व्यवस्थापन गर्न माग गरेको दलका प्रमुख सचेतक कुमरकान्त झाले बताएका छन् ।

'देशमा विपत्को कारण जनधनको ठूलो क्षति भएको छ' उनले भने, मधेश प्रदेशमा भएको क्षतिग्रस्त क्षेत्रमा सरकारले तत्काल आवश्यकता अनुसारको काम गर्नुपर्छ ।



प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्रदेश सरकारलाई ५१ लाख रुपैयाँ तत्काल पठाउन आग्रह गरेको झाले बताए । प्रदेशको सत्तारुढ गठबन्धन दलहरुको शुक्रबार नै बसेको बैठकले कोषमा ५१ लाख रुपैयाँ दिने निर्णय गरेको हो । नेकाँ संसदीय दलको बैठकलेपनि सो रकम चाँडो पठाउन सरकारलाई आग्रह गरेको नेता झाले बताए ।

सरकारले उर्जा, सिँचाई र खानेपानी मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयको विपत् व्यवस्थापन सम्बन्धी बजेटलाई तत्काल काममा लगाउने तयारी गरे पनि गृह, सञ्चार तथा कानुन मन्त्रालय अन्तरगत रहेको ८ करोड रुपैया जिल्ला दैवी प्रकोप उद्धार समितिलाई उपलब्ध गराइएको छैन ।

विगतमा प्रदेश सरकारले जिल्ला दैवी प्रकोप उद्धार समिति मार्फत तत्काल राहत प्रदान गर्न गृह, सञ्चार तथा कानुन मन्त्रालय अन्तरगतको दैवी प्रकोप उद्धार सम्बन्धी बजेट खर्च गर्दै आएको थियो ।

तर वर्तमान गृह मन्त्री राजकुमार लेखीले जिल्ला दैवी प्रकोप मार्फत रकम खर्च गरिए कमिसन नआउने देखेपछि आफै खर्च गर्न कार्यविधि संशोधन गर्ने बताउन थालेका छन् ।

मधेश प्रदेशमा वर्षा र बाढीको कारण ८ जनाको मृत्यु भएको छ । सरकारले उनीहरुको परिवारलाई जनही १ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ । तर रुपैयाँ पीडितसम्म पुगेको छैन । गृह मन्त्रालयले सो रकम जिल्ला दैवी प्रकोपमार्फत पठाए हालसम्म पीडित परिवारले प्राप्त गरिसक्ने थिए ।

वर्षा र बाढीबाट प्रभावित परिवारलाई प्रदेश सरकारले हालसम्म राहत सामग्री समेत उपलब्ध गराउन सकेको छैन । कमिसनको खेलमा लागेका गृहमन्त्री लेखीले दैवी प्रकोप उद्धारका लागि विनियोजित बजेट खर्च गर्न नचाहेको बताइन्छ ।

स्रोतहरुका अनुसार गृह मन्त्रालयले कार्यविधि संशोधन गर्न र त्यस अनुरुप कार्य गर्न कयौं महिना लाग्न सक्छ ।हाल प्रभावित परिवारलाई उनले सरकारी राहतबाट बञ्चित गर्न थालेका छन् ।

पीडित परिवारलाई तत्काल राहत उपलब्ध गराउनु पर्नेमा कार्यविधि र कानुन संशोधन गर्ने नाउमा सरकार पञ्छिन नमिल्ने जनता समाजवादी पार्टी(जसपा) नेपाल मधेश प्रदेशका प्रमुख सचेत रामअशिष यादवले बताए ।

'जिल्ला दैवी प्रकोप उद्धार समिति मार्फत राहत पठाइए पनि पीडितले नै पाउने भएकाले सरकारले अनेका वहाना बनाएर त्यसलाई रोक्न मिल्दैन' उनले भने, पीडितलाई सरकारले राहत उपलब्ध गराउन प्राथमिक विषय हो । जिल्ला समितिमार्फत हुने राहत वितरणको प्रदेश सरकारले निगरानी गर्ने उनले बताए । तर बजेट हुँदाहुँदै पनि राहत सामग्री पीडितलाई उपलब्ध नगराउनु सरकारको ठूलो कमजोरी रहेको प्रमुख सचेतक यादवले बताए ।







# आन्तरिक हवाई उडानतर्फ अत्यधिक चाप



काठमाण्डु । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा यही असोज १४ गते सोमबार एकैदिन पाँच सय ५९ हवाई उडान भए । ती उडानमार्फत ३५ हजार सात सय चार जनाले हवाईयात्रा गरे । आन्तरिक र अन्तर्राष्ट्रिय गरी दुवै यो उडान र यात्रु संख्या सम्भवतः हालसम्मकै बढी भएको विमानस्थलले जनाएको छ ।

असोज १५ गते बिहीबार हेलिकप्टरसहित पाँच सय ११ उडान भए । बुधबार आन्तरिकतर्फ हेलिकप्टरसहित एक सय ८२ उडान र एक सय ८२ वटा अवतरण भएका थिए । साथै अन्तर्राष्ट्रियतर्फ ५२ वटा उडान र ५२ वटा अवतरण भएका थिए । यसबाट १५ हजार नौ सय ६२ यात्रुले सेवा लिएका थिए ।

कार्यालयका अनुसार गत सोमबार कूल पाँच सय ९९, मङ्गलबार पाँच सय ११ र बुधबार चार सय ७३ वटा उडान भएका छन् । बिहीबार र शुक्रबार केही उडान चाप घटेको छ । दैनिक सरदर आन्तरिक र अन्तर ाष्ट्रिय दुबैगरी चार सय हाराहारी उडान हुने गरेकामा अहिले एक सयदेखि एक सय ५० सम्म थप उडान व्यवस्थापन गर्नु परिरहेको विमानस्थलले जनाएको छ ।

यही असोज ११ र १२ गतेको अविरल वर्षाका कारण मुलुकका विभिन्न स्थानमा बाढीपहिरोले सडक सञ्चालन अवरुद्ध भएपछि विकल्पको रुपमा रहेको हवाई उडानमा अध्याधिक चाप बढेको हो । उडान चाप ह्वात्तै बढेपछि केही एयरलाइन्सले उडान सङ्ख्या पनि थपेका छन् । अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक र अन्तर्राष्ट्रिय दुबै उडानमा चाप हुँदा विमानस्थलको टर्मिनलमा भीडभाड बढेको छ भने एयरलाइन्सलाई उडान व्यवस्थापनमा हम्मे हम्मे परिरहेको छ । विमानको उडान सङ्ख्या बढेपछि विमानस्थलमा एयर ट्राफिक चाप बढेको छ । आन्तरिकमा धेरै उडान एकदेखि दुई घण्टासम्म ढिला हुने गरेका छन् । अन्तर्राष्ट्रियतर्फ एकघण्टा भन्दा बढी समयसम्म विमान होल्डमा बसेर अवतरण गर्नुपरेको छ ।

हवाई उडान चाप बढेपछि एयर ट्राफिक व्यवस्थापनका साथै हवाई उडानको सुरक्षाको सन्दर्भ पनि आउँछ । उडान चापले विमानस्थल व्यवस्थापनदेखि एयरलाइन्स, विमान चालक (पाइलट) तथा गन्तव्यका विमानस्थलको व्यवस्थापकीय र सुरक्षाको प्रश्न उठ्नु स्वभाविक पनि हो । त्यसो हो भने उडान चाप हुँदा हवाई सुरक्षाको सन्दर्भलाई कसरी हेरिन्छ त ! यसै सन्दर्भमा हवाई क्षेत्रका जानकारहरुसँग केही जिज्ञासाको उत्तर खोज्ने प्रयास गरिएको छ ।

हवाई उडान चाप रहेपनि हवाई सुरक्षालाई चुस्त दुरुस्त र प्रभावकारी बनाइएको नियामक निकाय एवं एयरलाइन्सका अधिकारीले दाबी गरेका छन् । उहाँहरुले हवाई उडान सुरक्षामा कुनै सम्भौता नहुने उल्लेख गर्नुभयो । आन्तरिक उडानमा आवश्यक जनशक्ति २४सै घण्टा खटिएर सेवालाई चुस्त र प्रभावकारी बनाइएको उहाँहरुको भनाइ छ । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का महानिर्देशक प्रदीप अधिकारीले यात्रुको चाप बढेपछि उडान व्यवस्थापन र हवाई सुरक्षाको पाटोलाई विशेष ध्यान दिएर नागरिकलाई गन्तव्यमा पुऱ्याउन सबै सक्रिय रुपमा लागेको बताउनुभयो ।

"हवाई सुरक्षामा शून्य सहनशीलता अपनाइएको छ । सुरक्षा र सेवालाई समानान्तर रुपमा अघि बढाइएको छ", महानिर्देशक अधिकारीले भन्नुभयो, "विपद् को समयमा सहर-सहरबीच सम्पर्कविच्छेद छ, अहोरात्र खटेर उड्डयन क्षेत्रका कर्मचारी, एयर ट्राफिक कन्ट्रोलर (एटिसी), प्राविधिक, प्रशासनिक कर्मचारी, सुरक्षा निकाय, ' फायर फाइटिङ'का कर्मचारीले मेहनतकासाथ काम गरिरहेका छन् अनेकौँ असहजताकाबीच यो स्तरको सेवा दिइएको छ, यसमा सबैले सकारात्मक कोणले हेर्नुपर्छ ।"

वायुसेवा सञ्चालक सङ्घका अध्यक्ष मनोज कार्कीले उडान चाप व्यवस्थापन र हवाई सुरक्षाको पाटोलाई सम्पूर्ण एयरलाइन्सले तदारुकताका साथ ध्यान दिएर यात्रुलाई सुरक्षित तवरले गन्तव्यमा पुऱ्याइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सबै हवाई सेवा कम्पनीले पूर्ण क्षमताका साथ उडान सञ्चालन गरिरहेका छौँ, हवाई सुरक्षामा कुनै सम्भौता हुँदैन, प्राविधिक जनशक्तिको क्षमता र विमानको क्षमता हेरेर आवश्यक जनशक्तिसहित व्यवस्थापन गरिएको छ ।"

यही असोज ११ र १२ गतेको अविरल वर्षाका कारण सडक अवरुद्ध हुदाँ रोकिएका यात्रु विभिन्न गन्तव्यमा पुग्न हवाई माग रोज्जुको विकल्प छैन । सडकमार्ग अवरुद्ध हुँदा अहिले हवाई उडानमा चाप रहेको र यसले एयरलाइन्सबीचको प्रतिस्पर्धा पनि बढाएको हवाई विज्ञ अच्युत पहाडीले बताउनुभयो ।

"फेयर पाइटिङ र एयरलाइन्सको प्रतिस्पर्धाले पनि जोखिम बढी हुनसक्छ, हवाई सुरक्षाप्रति सतर्क हुनुपर्छ, हवाई सुरक्षालाई नियामक निकायले प्रभावकारी अनुगन गर्नुपर्छ", उहाँले भन्नुभयो ।विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार उडान चाप बढेपछि विमानस्थलमा एयर ट्राफिक चाप बढ्ने र उडान डिले हुने तथा होल्डमा बस्नुपर्ने अवस्था हुन्छ । नियामक प्राधिकरणले एयरलाइन्सको माग र विमानस्थलको क्षमताका आधारमा उडान अनुमति दिने गरेको छ ।

"एयरलाइन्सको माग अनुसार आवश्यकता हो की हैन प्राधिकरणले विमानस्थलको एयर ट्राफिक क्षमता, टर्मिनलको क्षमतालाई विचार गरेर अनुमति दिने गर्छ", प्रवक्ता शेर्पाले भन्नुभयो ।विमान होल्ड हुनुमा विभिन्न कुराले काम गर्ने बताइन्छ । विज्ञहरुका अनुसार इन्स्टुमेन्ट फ्लाइट रुल (आइएफआर) उड्ने विमानको मापदण्ड बढी हुन्छ ।

"विमान आइएफआरमा उडेपछि उसको नियम र आफ्नै मापदण्ड अनुसार कुन ठाउँमा विमान पुगेपछि अर्को विमानलाई कहाँसम्म जान दिने भन्ने हुन्छ । आइएफआरको मापदण्ड अनुसार उड्नुपर्ने भएकाले मौसम जस्तो भएपनि मापदण्ड कडिकडाउ हुन्छ", प्रवक्ता शेर्पाले भन्नुभयो । भिजुअल फ्लाइट रुल (भीएफआर) उड्ने विमानको कम 'सेप्रेसन स्टान्डर मेन्टेन' गर्नुपर्ने हुन्छ । आइएफआरको मापदण्ड बढी भएकाले आवश्यकता, औचित्य हेर दिन मिल्ने नमिल्ने निर्णय लिइन्छ ।

यती एयरलाइन्सका हवाई सुरक्षा समेत हेर्ने प्रवक्ता सुदर्शन बर्तौलाले उडान चाप व्यवस्थापनसँगै हवाई सुरक्षालाई पनि विशेष ध्यान दिएर सोही अनुरुप दक्षशक्ति परिचालन भइरहेको बताउनुभयो ।

"यात्रुको चाप बढ्दैमा 'सेफ्टीलाई कम्प्रोमाइज' गरेर विमानहरु उड्दैनन्", उहाँले भन्नुभयो, "हवाई सुरक्षामा कुनै सम्भौता हुँदैन । उडान ढिलो हुनुमा विमानको मर्मतलगायतको पाटोलाई पनि सँगै लैजानुपर्ने भएकाले हो, एयरलाइन्सले हवाई सुरक्षालाई मध्यनजर गर्दै दैनिक तीन सिफ्टमा प्राविधिक जनशक्ति परिचालन गरेर काम गरिरहेका हुन्छन्, त्यसैले उडान चापले सुरक्षा जोखिम हुँदैन ।"लामो मर्मत र उडानको समयमा हुने छोटो मर्मत दुबैलाई एयरलाइन्सले समानान्तर रुपमा लगिरहेका हुन्छन् । सीमित संख्याका विमान र उडान व्यवस्थापनालाई मध्यनजर गर्दै उडान सञ्चालन गरिरहेका एयरलाइन्सहरुले जनाएका छन् ।

"यात्रुले टिकट पाएनन् भने पनि एयरलाइन्सलाई नै दोष दिने, बढी पैसा लिए, ढिलो उडाए जस्ता आरोप खेपिरहेकै छौँ", श्री एयरलाइन्सका संस्थापक प्रबन्धक अनिल मानन्धरले भन्नुभयो, "आरोप पनि खेपिरहेका छौँ, दबावमा सेवा पनि सञ्चालन गरिरहेका छौँ, हवाई सुरक्षाको पाटोलाई विशेष ध्यान दिइएको छ ।"

हवाई सुरक्षा मापदण्डलाई कडिकडाउ गरिएको छ । एउटा विमान अवतरण गरेपछि कति समयपछि उडान भर्ने भन्ने आफ्नै नियम हुन्छ । सोही अनुरुप मापदण्डका आधारमा उडान सञ्चालन हुन्छन् । बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णका अनुसार उडान चापले उडानहरु ' डिले' भइरहेका छन् । उडान डिले हुनुमा एयर ट्राफिक जाम र मौसममा पनि भर पर्ने गरेको उहाँको भनाइ छ । अहिले सबै गन्तव्यको ' अकुपेन्सी फुल' भएको छ । जहाज सङ्ख्या कम भएकाले पनि यात्रुको माग धान्न नसकिएको हो ।

विगत वर्षहरूमा पनि दसैं, तिहार छठलगायत महत्त्वपूर्ण चाडपर्वमा हवाईयात्रुको चाप हुने गरेको थियो । यसपटक अविरल वर्षापछिको बाढी पहिरोलगायत विपद्का घटनाले सडकमार्ग अवरोध हुँदा हवाई उडानमा थप चाप बढ्न गएको हो । उडान संख्या बढेपछि आन्तरिक विमानस्थमा अबेर रातिसम्म उडान भइरहेका छन् । सरकारले हवाई उडान चापलाई मध्यनजर गर्दै दसैंको पहिलो दिन (घटस्थापना)देखि पूर्णिमासम्म रात्रिकालीन उडान सञ्चालन गर्ने जनाएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले घटस्थापनादेखि पूर्णिमासम्म रात्रिकालीन उडानको व्यवस्था मिलाएको जनाएको छ ।

रात्रिकालीन उडान हुने सम्पूर्ण विमानस्थलमा बिहान ४:३० बजेदेखि राति अपरेशनको समयसम्म आवश्यकतानुसार उडान हुने जनाइएको छ । सडकमार्ग असहज भएकाले यात्रुहरू महँगो भए पनि हवाईजहाजको यात्रा गर्न चाहँदा पनि टिकट नपाउँदा समस्या भएको गुनासो गर्छन् । काठमाडौँबाट दुर्गम क्षेत्रमा मात्र होइन, सुगम क्षेत्रका विमानस्थलमा पनि यात्रुले हवाई टिकट पाएका छैनन् । सीमित उडान हुने तुम्लिङटार र सुर्खेत विमानस्थलमा त यात्रुलाई टिकट पाउन निकै सास्ती हुने गरेको छ ।

यसैबीच हवाई यात्रुको चाप अत्याधिक बढेपछि हवाई सेवा प्रदायक कम्पनीले उडान संख्या थपेका छन् । बुद्ध एयरले भद्रपुर र भरतपुरमा समान दुई-दुई उडान थप गरेको छ । श्री एयरलाइन्सले पनि आजदेखि काठमाडौँ-भरतपुर-काठमाडौँ रुटमा उडान सञ्चालन गरेको छ ।

कम्पनीले कम्पनीले सुरुमा चार्टर्ड र त्यसपछि नियमित उडान गर्ने जनाएको छ ।यती एयरलाइन्सले पनि काठमाडौँ-भद्रपुर-काठमाडौँ र काठमाडौँ-नेपालगञ्ज-काठमाडौँमा एक-एक उडान थपेको छ । साथै शुक्रबारबाट काठमाडौँ-जनकपुर-काठमाडौँ गन्तव्यमा एक उडान थपिएको एयरलाइन्सले जनाएको छ ।रासस

## बाढीपहिरो र डुबान :
# सडक पुल पुन:निर्माणका गर्न २५ अर्ब लाग्ने अनुमान

काठमाण्डु । अविरल वर्षाका कारण सडक पूर्वाधारमा भ्ण्डै रु २५ अर्ब बराबरको क्षति भएको छ । क्षतिको विवरण सङ्कलनको क्रममा रहेकाले सडक तथा पुलतर्फ अस्थायी यातायात चालु गर्न मात्रै भ्ण्डै रु तीन अर्ब बराबरको बजेट आवश्यक पर्ने देखिएको छ । क्षति भएका सम्पूर्ण संरचनाको स्थायी रुपमा पुनःस्थापना गर्न रु २० देखि रु २५ अर्ब बराबर लाग्ने अनुमान गरिएको छ ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले आज संसद्को पूर्वाधार समितिको आजको बैठकमा यही असोज ११ र १२ गतेको अविरल वर्षापछिको बाढीपहिरोका कारण भएको क्षतिका बारेमा जानकारी गराउँदै अस्थायी रुपमा भएपछि राजमार्ग नियमित सञ्चालनका लागि अधिकतम प्रयास गरिरहेको जानकारी दिनुभयो ।

गत हप्ताको भीषण वर्षा र बाढीका कारण ३४ राजमार्गका आठ सय पाँच स्थानमा पहिरो गई सडक अवरुद्ध भएकामा सात सय ७४ स्थानको पहिरो हटाइएको छ । कूल २९ वटा राजमार्गमा विभागीय तथा भाडाकायन्त्र उपकरण र जनशक्ति प्रयोग गरी यातायात सञ्चालन गरिएको छ । हालसम्म पाँच वटा मुख्य राजमार्गका ३१ स्थानमा अवरुद्ध भएको यातायात सञ्चालनका गर्न अनवरत प्रयास जारी छ । कतिपय स्थानमा पहिरो हटाउनुका अतरिक्त कटिङ फिलिङ टेवा पर्खालका साथै ह्यूम पाइप र अस्थायी प्रकृतिको बेजिब्रिज समेत राखी यातायात सञ्चालन गर्नुपर्ने अवस्था रहेको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले जनाएको छ ।

अरनिको राजमार्गको लार्चा- कोदारी खण्डको पाँच किलोमिटर क्षेत्रमा समस्या रहेको छ । लिपिङ पुल र लार्चाको बेजिब्रिज बगाएका कारण यातायात अवरुद्ध भएको छ । त्यसका लागि लार्चामा ह्यूम पाइप र पेनस्टक पाइप र लिपिङमा बेलिब्रिज जडान गरी यातायात सञ्चालन गरिनेछ ।

बिपी राजमार्गको चौकीडाँडा- कालढुङ्गा खण्डको १८ किलोमिटर क्षेत्रमध्ये १२ किलोमिटर सडक पूर्णरुपमा बगेका कारणबीच बीचमा सवारी साधन रोकिएका छन् । दुवै तर्फबाट पहिरो सफा गर्ने कार्य भइरहेको, रोशी खोलाको पानीको बहावलाई मध्यनजर गरी सम्भ भएसममका सबै विकल्पहरु प्रयोग गरी अस्थायी रुपमा यातायात सञ्चालनको प्रयास गरिएको छ ।

पुष्पलाल मध्यपहाडी राजमार्ग अन्तर्गत दोदालघाट राकथुम ८० किलोमिटर खण्डको धेरै स्थानमा पहिरो गई सडकसमेत बासआउट भएको, दुवै तर्फबाट पहिरो पन्छाउने कार्य भइरहेको छ । सडक सफा गरी बर्दिबासबाट बिपी राजमार्ग भएर आउने सवारी साधनलाई दोलालघाट हुँदै काठमाडौँ प्रवेश गराइनेछ ।

कान्ति राजपथको घपेली बगुवा खण्डको १३ किलोमिटर र बागमती पुलको दाँयाबाँया

> यातायात व्यवसायी, नेपाल प्रहरी र नयाँ बसपार्क व्यवस्थापनसँग समन्वय गरिएको, देशैभरीको विपद एवम् सडकको अवस्थाको एकीकृत र भरपर्दो सूचना व्यवस्थापनका लागि नोल प्रहरी प्रधान कार्यालयलाई नियमित रुपमा फेसबुक पेजमार्फत ताजा सूचना सम्प्रेषण गर्न अनुरोध गरिएको मन्त्री दाहालले जानकारी दिनुभयो ।

एप्रोचमा समस्या भएको छ । कमवानपुर तथा ललितपुर दुवै तर्फबाट पहिरो सफा गर्ने काम भइरहेको छ । बाग्मती पुलको एप्रोच छिटो भन्दा छिटो निर्माण गरी सवारीसाधन नियमित गराइने छ ।

मेची राजमार्ग अन्तर्गत रमिते फिदिमको आठ किलोमिटर खण्डको रमितेडाँडाको पहिरो हटाउने काम भइरहेको छ । हेवा खोलामा अस्थायी डाइभर्सन निर्माण गरी यातायात सञ्चालन गरिनेछ ।

यस्तै, अरनिको राजमार्गको लिपिङमा १७ मिटर लामो बेलिब्रिज जडान गरिनेछ । यस्तै अरनिको राजमार्गको लार्चामा ४५ मिटर, बिपी राजमार्गको सुनकोशी खैरेनीटारमा ५० मिटर लामो बेलिब्रिज जडान गर्नुपर्नेछ । यस्तै, बिपी राजमार्ग रामेछाप जोड्ने सडकको सुनकोशी खुर्कोट खण्डमा ५० मिटर लामो बेलिब्रिज जडानका लागि आवश्यक पहल सुरु गरिएको छ ।

सगरमाथा राजमार्गको सुनकोशी फोक्सिङटारमा एक सय १० मिटर लमबाइको पुल बगाएको छ । त्यसका लागि मन्त्रालयले आवश्यक पहल थालेको छ । मेची राजमगएको हेवा खोलाको ५० मिटर लामो पुल बगाएको छ । त्यसका लागि डाइभर्सन निर्माण गर्नुपर्नेछ । यस्ते, कान्ति लोकपथको १५ मिटर लामो बागमती पुल बगाएको छ । अप्रोच सडक निर्माण गरी सो पुल सञ्चालनमा ल्याउने तयारी छ । माईपोखरी सन्दकपुर इलामका रातेखोलाको ३५ मिटर लामो पुल बगाएको छ ।

पुल निर्माणका लागि आवश्यक पहल भइरहेको छ । क्षतिग्रस्त सडक पूर्वाधारको मर्मत सम्भारका लागि सङ्घीय सरकारले प्रदेश र स्थानीय तहसँगको समन्वयमा प्रभावकारी पहल गरेको स्पष्ट पारेको छ ।

संसद्को भौतिक पूर्वाधार समितिको शुक्रबारको बैठकमा भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री देवेन्द्र दाहालले बाढीपहिरोका कारण राजमार्ग एवम् पुलहरुमा भएको क्षतिका कारण अस्तव्यस्त बन्न पुगेको यातायात क्षेत्र व्यवस्थापन र सञ्चालनका लागि मन्त्रालय तथा यातायात व्यवस्था विभागले विभिन्न पक्षसँग छलफल र परामर्श गरी सामान्य बनाउन विभिन्न पहल गरिएको जानकारी दिनुभयो ।

विपदका कारण अलपत्र परेका यात्रु एवम् यातायात मजदुरलाई यथाशीघ्र उद्धार एवम् राहत उपलब्ध गराउन गृहमन्त्रालयलाई अनुरोधसहित पत्राचार गरिएको मन्त्री दाहालले जानकारी दिनुभयो । विषम परिस्थितिका कारण उत्पन्न हुनसक्ने दुर्घटना एवम् जोखिम न्यूनीकरण गर्न अति आवश्यक काम बाहेक यात्रा नगर्न र गर्नै परे सावधान अपनाउन अनुरोध गरिएको थियो ।

यातायात व्यवसायी, नेपाल प्रहरी र नयाँ बसपार्क व्यवस्थापनसँग समन्वय गरिएको, देशैभरीको विपद एवम् सडकको अवस्थाको एकीकृत र भरपर्दो सूचना व्यवस्थापनका लागि नोल प्रहरी प्रधान कार्यालयलाई नियमित रुपमा फेसबुक पेजमार्फत ताजा सूचना सम्प्रेषण गर्न अनुरोध गरिएको मन्त्री दाहालले जानकारी दिनुभयो । काठमाडौँ छुट्ने यात्रुबहाक बसलाई सडकको अवस्था हेरी सुरक्षित ढङ्गले सवार ासाधन परिस्थिति हेरी उज्यालो समयमा नै गन्तव्यमा पुग्ने गरी समन्वय गरिएको छ ।रासस

# बस्ती विकास र पूर्वाधार निर्माणअघि भौगर्भिक अध्ययन गर्नुपर्नेमा अध्यक्ष दाहालको जोड



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले बस्ती विकास र पूर्वाधार निर्माण गर्नुअघि भौगर्भिक अध्ययन गर्नुपर्नेमा जोड दिनुभएको छ ।

माओवादी केन्द्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन विभागले विज्ञहरूको टोलीसहित विपद् प्रभावित क्षेत्रको स्थलगत अध्ययनपछि तयार पारेको प्रतिवेदन बुझ्दै उहाँले आफूले पहिलोपटक प्रधानमन्त्री भएदेखि व्यवस्थित बस्ती विकास र पूर्वाधार निर्माणमा जोड दिँदै आएको बताउनुभयो ।

पहाडी क्षेत्रमा पहिरो र तराई तथा सहरी क्षेत्रमा बाढी र डुबानको सबैभन्दा बढी जोखिम अव्यवस्थित बस्ती र पूर्वाधारकै कारण देखिएको उल्लेख गर्दै अध्यक्ष दाहालले बाढीपहिरो, डुबान, भूकम्पलगायत विपद्बाट बच्न भौगर्भिक अध्ययनका आधारमा मात्र बस्ती विकास र पूर्वाधार निर्माण गर्न उपयुक्त हुने बताउनुभयो । त्यसका लागि पार्टीको विपद् व्यवस्थापन विभागको पहलमा विज्ञहरूले तयार पारेको प्रतिवेदन महत्त्वपूर्ण भएको उल्लेख गर्दै उहाँले यसका आधारमा सरकारसमक्ष ज्ञापनपत्र पेस गरिने बताउनुभयो ।

वैज्ञानिक बस्ती विकास र पूर्वाधार निर्माणसँगै विपद् व्यवस्थापनका लागि पनि गतिलो समीक्षा गरेर प्रतिकार्यका योजना बनाउनुपर्ने उहाँले बताउनुभयो । मौसमको पूर्वानुमान हुँदाहुँदै पनि राज्यसंयन्त्रको केन्द्र राजधानीमा समेत तत्काल उद्धार गर्न नसक्नुको कारण खोजी गरेर आगामी दिनमा यस्तो अवस्था आउन नदिन सरकार योजनाबद्ध रूपमा अघि बढ्नुपर्ने उहाँले बताउनुभयो । अध्यक्ष दाहालले उद्धारमात्र होइन, राहत र पुनःस्थापनामा पनि अपेक्षित काम हुन नसकेको उल्लेख गर्दै सबै संयन्त्रहरू कसरी प्रभावकारी रूपमा परिचालन गर्ने भनेर सरकारले ध्यान दिनुपर्ने बताउनुभयो ।

माओवादी केन्द्रका विपद् व्यवस्थापन विभाग प्रमुख सूर्य सुवेदीले बाढीपहिरा प्रभावित क्षेत्रमा विज्ञहरूसहितको टोलीले गरेको अध्ययन, समस्याको पहिचान र समाधानका उपाय प्रतिवेदनमा समेटिएको जानकारी दिनुभयो । विभागका प्रमुख सुवेदी, प्रचार विभाग सचिव गोविन्द आचार्यसहितको टोलीले अध्यक्ष दाहाललाई प्रतिवेदन हस्तान्तरण गरेको हो ।रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| वृष | : प्रतिभा सम्पन्नता । |
| मिथुन | : शिक्षामा उन्नति । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : धन वृद्धि सञ्चय । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# दसैँसँगै मिथिलाञ्चलको घरआँगनमा झिझियाको लोकभाका गुञ्जिन थाल्यो

जनकपुरधाम । *“तोहरे भरोसे बरहम बाबा झिझिरी बनेलियै हो बरहम बाबा झिझिया पर होइयौ ने सवार अबोधबा बालक तोहर किछियो ने जनैछौं हो...”*

दसैं सुरु भएसँगै जनकपुरधामसहित सम्पूर्ण मिथिलाञ्चलको घरआँगनमा अहिले यस्तै लोकभाकाका झिझियाका यस्ता गीतहरू गुन्जिन थालेको छ । यतिबेला मधेस प्रदेशको राजधानी जनकपुरमा झिझियाको विशेष रौनक छाएको छ । जनकपुरधामका मठमन्दिर र दसैंका लागि बनाइएका भव्य पन्डालहरूमा प्रत्येक साँझ महिलाले झिझिया नृत्य गर्दै रमाइलो गर्ने गरेका छन् ।



मिथिलाञ्चलको प्रसिद्ध लोकनृत्य झिझिया अहिले कुनै पनि सांस्कृतिक कार्यक्रममा अनिवार्य हुन थालेको छ । यसको छुट्टै धार्मिक महत्त्व छ । यो मिथिलाको तान्त्रिक अनुष्ठानको नृत्य रहेको लोकमान्यता छ ।

मैथिलीका साहित्यकार तथा वरिष्ठ पत्रकार रामभरोस कापडी भन्नुहुन्छ, “दसैंका बेला बोक्सी (डाइन)ले मसान सिद्धि तथा तन्त्रमन्त्रको अनुष्ठान गर्छन् । र सर्वसाधारणको ज्यान लिनसक्ने खालको शक्ति प्राप्त गर्छन् । त्यसैले यस्तो शक्तिको प्रतिवाद गर्न अर्को तान्त्रिक अनुष्ठानका रूपमा यो नृत्य आयोजना गरिने गरिएको जनविश्वास रहेको छ । घटस्थापनादेखि सुरु हुने झिझिया नृत्यको तयारी पनि विशेष हुन्छ ।”

कापडीले झिझिया नृत्य प्रारम्भ गर्न पूर्वतयारी गर्नुपर्नेबारे जानकारी दिँदै भन्नुभयो, “एउटा वा दुईवटा सफा घैंटो किनेर त्यसलाई सफासुग्घर गरी घैंटोभरि प्वाल बनाइन्छ । घैंटोको मुखमा राखिएको ढकनामा आगो सल्काइन्छ । त्यसमा मट्टितेल हालेर बालिन्छ । त्यसपछि टाउकामा राखेर नृत्यका लागि झिझिया तयार हुन्छ । तर टाउकामा राखी नृत्य गर्नुपूर्व झिझियालाई कुनै गुणी ओझाबाट मन्त्रद्वारा सिद्ध पारिन्छ ।”

बोक्सीको आँखा नलागोस् भनेर धामीद्वारा झिझियालाई मन्त्रसहित छेकबार गरिन्छ- ‘सभ्य गुरुक बन्दे पाउँ । बजर केवाडी बजर बान्हो दशो दुआरी मटिया बान्हो, मसान बान्हो, टोना बान्हो, टापर बान्हो ।’

यसरी मन्त्रिएपछि पाँचदेखि १५ जनासम्मका महिला टोलीमध्ये एक वा दुई महिला टाउकामा आगो बलिरहेको घैंटो राखेर बिना हातको सहारा लिई नाच्दै ब्रह्मस्थानमा पुगेर सबैभन्दा पहिले पूजा गरेर नृत्य गर्ने गर्दछन् । ब्रह्मस्थानमा नृत्य गरेलगत्तै झिझियाको औपचारिक रूपमा सुरु हुन्छ । त्यसपछि घरघरमा गएर नृत्य देखाउने परम्परा रहेको छ । क्षीरेश्वरनाथ नगरपालिका-६ नयाँटोलका पुरोहित इन्द्रकान्त झाका अनुसार झिझियामा भएको प्वाल तन्त्रमन्त्र गर्ने बोक्सी (डाइन)ले गन्न सफल भइहाले भने उनीहरू तन्त्र सिद्धि गरी निकै शक्तिशाली हुनसक्ने जनविश्वास छ । त्यसैले झिझिया टाउकामा राखेपछि महिला निरन्तर नाच्छन् । नाच सक्नेबित्तिकै दियो निभाएर झिझिया राख्ने गरिन्छ ।

अवकासप्राप्त शिक्षक तथा मैथिली संस्कृति जानकार तथा पुरोहित लालबाबु झा बताउनुहुन्छ, “महिलाद्वारा नै सञ्चालन र संयोजन हुने यो नृत्य मिथिलाञ्चलमा पारिवारिक सुरक्षाको लोक अनुष्ठानको रुपमा लिइन्छ । झिझिया नृत्य घटस्थापनादेखि सुरु भई दसैंसम्म प्रदर्शन गरिन्छ । गाउँघरमा झिझियामा १५-२० जनाको समूहले पारम्परिक वाद्यवादन ढोलक, झाइल, झामर लिएर गीत गाउँदै यो नृत्य गर्छन् ।”

प्रत्येकको घरघरमा गई सामूहिक नृत्य गर्ने र त्यहाँबाट घरधनीले कोसेलीस्वरूप पैसा वा दालचामल सहयोग दिने चलन छ । झिझियालाईतन्त्रमन्त्रजादुटुनाकोपरिचायक पनि मानिन्छ । तर अन्धविश्वासभन्दा पनि सांस्कृतिक उत्थानका लागि यसको संरक्षण आवश्यक रहेको शिक्षा तथा संस्कृतिविद् डा राजेन्द्र बिमल बताउनुहुन्छ, “यो मिथिलाको लोक महत्त्वको नृत्य हो । त्यसैले यसलाई अन्धविश्वासका रूपमा लिनुहुँदैन ।”

यो नृत्य सातौँ शताब्दीदेखि सुरु भएको मिथिला संस्कृतका जानकारहरू बताउँछन् । झिझिया नृत्यको महत्त्वपूर्ण पक्ष यसको गीत हो । यस्तै गीतको धुनसँगै झिझिया नृत्य सुरु हुन्छ । दसैंको आगमनसँगै बोक्सीलाई गाली गर्ने मिथिलाञ्चलको अनौठो तथा तान्त्रिक नृत्य झिझिया हो । नृत्यसँगै गाइने गीतमा बोक्सीलाई गाली पनि गरिन्छ । बोक्सीलाई गाली गरियो भने त्यसको मारक क्षमता कमजोर हुन्छ र बालबच्चाको सुरक्षा हुने जनविश्वास छ । झिझियालाई आजको दिनमा धार्मिक आस्थासँग जोडेर राख्न असजिलो छ तर यसको लोकसांस्कृतिक पक्षलाई संरक्षण संवर्द्धन गर्नु उचित देखिन्छ । यस नृत्यमा बोक्सीलाई गालीका साथै उसलाई धम्क्याउने काम पनि हुन्छ ।

चलचल गे डैनिया कदम तर, तोरा बेटाके खैबौ बढमतर ।

विजयादशमीको आगमनसँगै मिथिलाञ्चलको गाउँटोलमा झिझिया नृत्य सुरु हुन्छ । मिथिला कला-संस्कृतिमा यो नाचको छुट्टै मौलिकता छ । तर पछिल्लो समय यसको मौलिकता हराउँदै गएको स्थानीयवासी बताउँछन् । झिझियामा गाइने गीतमा भगवतीको प्रार्थना, बोक्सीलाई गाली तथा सन्ततिको दीर्घायुको कामना गरिएको हुन्छ । मिथिला नाट्य कला परिषद् (मिनाप)ले नेपाल-भारतका विभिन्न ठाउँमा गरिने सांस्कृतिक कार्यक्रममा झिझियालाई विशेष प्रस्तुतिका रूपमा लिइने गरेको छ ।

मिनापले केही वर्षयता झिझियाको एक हजारभन्दा बढी नृत्य प्रदर्शन गरेको छ । जनकपुरधामकै देवी चोकमा रहेका राजदेवी युवा क्लबले दसैंको बेला प्रत्येक वर्ष झिझिया नृत्य प्रतियोगिताको आयोजना गर्ने गर्छ ।

दसैंकै बेला जनकपुरको राम युवा कमिटी, महावीर युवा कमिटी र रामानन्द युवा क्लबको भजन सन्ध्यामा झिझियाको विशेष प्रस्तुति हुने गर्छ ।रासस

## विपद् प्रभावित पालिकालाई सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न सिफारिस

काठमाण्डु । विपद् जोखिम न्यूनीनकरण तथा व्यवस्थापन कार्यकारी समितिले पछिल्लो विपद्बाट प्रभावित पालिकालाई सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न सरकारलाई सिफारिस गरेको छ ।



गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा बसेको बैठकले उक्त सिफारिस गरेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले जानकारी दिनुभयो ।

उहाँले विपद्तबाट झण्डै चार दर्जन पालिका प्रभावित भएको जानकारी गराउँदै सङ्कटग्रस्त क्षेत्र घोषणा भएपछि सोहीअनुसार पुनःनिर्माण तथा पुनःस्थापनको काम अघि बढ्ने बताउनुभयो ।

यही असोज १० देखि १२ गतेसम्म परेको भारी वर्षाका कारण मुलुकका विभिन्न स्थानमा दुई सय ३९ जनाको मृत्यु भएको छ भने १८ जना अझै बेपत्ता छन् । साथै बाढीपहिरोमा परेका १७ हजारभन्दा बढीको उद्धार गरिएको छ । उक्त विपदबाट रु २५ अर्बभन्दा बढीको भौतिक क्षति भएको जनाइएको छ ।

विपद्बाट १४ वटाभन्दा बढी जिल्लाका पालिका प्रभावित भएका छन् । प्राधिकरणले ताप्लेजुङ, काभ्रे, पाँचथर, काठमाडौं, संखुवासभा, ललितपुर, सोलुखुम्बु, भक्तपुर, दोलखा, सिन्धुली, रामेछाप, मकवानपुर, सिन्धुपाल्चोक र धादिङका बढी पालिका प्रभावित भएको जनाएको छ । रासस

## ‘कसरी घर जाने बाटोको अवस्था यस्तो छ’

काठमाण्डु । दसैंका लागि सङ्घीय राजधानी काठमाडौं छोडेर घर जानेको संख्या दिनहुं बढ्दै गएको छ । दसैंका लागि घर जाने तथा अग्रिम टिकट लिनेका कारण काठमाडौंको गौंङ्गबुमा रहेको नयाँ बसपार्कका हिजोआज घुइँचो बढ्न थालेको छ । नेपालीहरुको महान् चाड बडादसैंको आगमनसँगै विभिन्न कामका लागि राजधानी पसेका दसैं सुरु भएसँगै घर फर्किन थालेका कारण बालाजु नयाँ बसपार्कमा चहलपहल बढ्न थालेको बस व्यवसायी बताउँछन् ।



काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायब महानिरीक्षक भरतबहादुर बोहराका अनुसार यही असोज १४ गतेदेखि आज १७ गते बिहानसम्म काठमाडौंबाट बसमा ५६ हजार नौ सय ५६, ट्रकमा सात हजार सात सय ४९, सानो मोटरसाइकलमा आठ हजार दुई सय ८४ तथा ठूलो मोटरसाइकलमा पाँच हजार तीन सय ४४ जना गरी जम्मा एक लाख २६ हजार चार सय ३५ जना काठमाडौं उपत्यकाबाट बाहिरिएका छन् ।

घटस्थापना सुरु भएसँगै विद्यालयमा बिदा सुरु हुन थालेपछि नयाँ बसपार्कमा गाउँ फर्कनेहरुको भीड बढेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले राससलाई जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “विद्यालय बिदा सुरु भएको र काठमाडौं छोडेर घर जानेको पनि भीड बढ्न थालेको छ । नयाँ बसपार्कमा भीड बढ्न थालेपछि हामीले सुरक्षाकर्मीको संख्या पनि थपेका छौं ।”

यात्रुहरुको भीड बढेसँगै नयाँ बसपार्कमा हेल्प डेक्स स्थापना गरी यात्रुलाई सहज रुपम यात्रा गराउन, पाकेटमारदेखि सावधान हुन तथा माइकिङ गरिन थालिएको प्रवक्ता अधिकारीले बताउनुभयो ।

यसैगरी दसैं मनाउनका लागि कर्मथलो छोडेर घर फर्किनेको लर्को लागेपछि काठमाडौंका नाकामा सवारीको चाप बढ्दै गएको प्रहरीले जनाएको छ । काठमाडौंको नयाँ बसपार्क, कलङ्की, बल्खु, कोटेश्वर क्षेत्रमा घर फर्किने यात्रुको भीड र सवारी साधनको चाप बढेको उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

यात्रुको भीड र सवारी साधनको चाप बढेपछि राजधानी काठमाडौं छिर्ने र बाहिरिने नाकामा सवारी जाम बढ्न थालेको छ । दसैं नजिकिएसँगै काठमाडौं उपत्यका छाड्ने र घर जानेको संख्या बढ्दै गएको सुदूरपश्चिम यातायातका काठमाडौं-धनगढी रुटका बस चालक रमित ओलीले बताउनुभयो । उहाँले भन्नुभयो, “वर्षाका कारण बाटोको अवस्था खराब छ, तैपनि घर जाने यात्रुले हाम्रा गाडी भरिभराउ हुने गरेका छन् ।

यात्रुका कारण निकै चहलपहल बढेको छ ।”

हिजो घटस्थापनादेखि काठमाडौंबाट बाहिरिने यात्रुको चाप बढेको हो ।

बिहीबार दिउँसो १२ बजेसम्म बस, माइक्रो, ट्रक, निजी सवारी साधान र मोटरसाइकिल गरी आठ सय २० सवारी साधन काठमाडौंबाट बाहिरिएका ती सवारी साधनमा १३ हजार पाँच सय तीन जना बाहिरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले बताउनुभयो ।

उहाँका अनुसार आज दिउँसो १२ बजेसम्म पाँच सय ४४ सवारी साधन काठमाडौं भित्रिएका र त्यसमा सवार छ हजार पाँच सय ५४ यात्रु काठमाडौं प्रवेश गरेका छन् । प्रहरीको अभिलेखभन्दा बाहिर रिजर्व गरेर विभिन्न नाका हुँदै जाने र निजी सवारीमा जानेको सङ्ख्या पनि अधिक रहेको काठमाडौं प्रहरीले जनाएको छ ।

दसैंका लागि यही असोज २३ गते सम्मका लागि बस काउण्टरले अग्रिम टिकट बुकिङ गरिसकेकाले यात्रुलाई अहिले सहज रुपमा टिकट पाउन मुस्किल परिरहेको काठमाडौंबाट दसैंका लागि घर जान बसपार्कमा पुगेका रोल्पाका ललित मगरले बताउनुभयो ।

उहाँले भन्नुभयो, “टिकट काउण्टरले २३ गतेसम्म गाडी प्याक छन् भन्छन, हामीले टिकट पाउन सकेका छैनौं । कसरी घर जाने बाटोको अवस्था यस्तो छ । दुःख पाइने भयो ।

” उहाँ जस्तै आज नयाँ बसपार्कमा टिकटका लागि यात्रुहरु बिहानदेखि आए पनि सहज रुपमा टिकट नपाएको भन्दै गुनासो गरीरहेका थिए ।रासस

## बाढीले पुस्तक बगायो, स्कुल डुबायो पढ्ने कसरी ?

बरहथवा । गत शनिबार अविरल वर्षापछि गएको बाढीले सर्लाहीको रामनगर गाउँपालिका-२ ध्रुवा टोलका नौ वर्षीय रामकुमार महतोलाई चिन्तामा पारेको छ ।



पढाइमा निकै मेहनती महतोले बाढीले घरमा भएका सबै पुस्तक बगाएको गुनासो गरे । आफू पढ्ने गरेको श्री प्राथमिक विद्यालय डुबाएपछि उनी थप चिन्तामा छन् । “स्कुलले दिएको पुस्तक नयाँ नै थियो, बाढीले बगाएर लग्यो । अब फेरि स्कुलले दिने हो कि होइन ?”, उनलाई चिन्ता छ ।

विपन्न परिवारका महतोलाई किताब किनेर दिन सक्ने अवस्थामा परिवार छैनन् । बाढी र डुबानले घरमा पनि पूर्ण क्षति पुऱ्याएको छ । रामकुमारसँगै अध्ययन गर्ने साथी वीरेन्द्र पनि विद्यालयको कपी किताब बगाएको गुनासो गर्न आइपुगे । “मेरो त स्कुलको पोशाकसमेत बाढीले लगेछ”, उनले भने, “अब स्कुल कसरी जाने ? बुबाआमासँग किन्न पैसा नभएको उनको गुनासो थियो ।”

शनिबार पसेको बाढीले उनीहरू जस्तै हजारौं बालबालिकाको शैक्षिक भविष्य अन्योलमा परेको छ । अधिकांश विपन्न परिवारका बालबालिकाको विद्यालयका पुस्तक, पोशाकलगायत सामग्री बाढीमा डुबेको छभने केहीको बाढीले बगाएको छ । विद्यालय पानीमा डुबेका कारण कहिलेसम्म स्कुल जान नपाइने हो ? भन्ने चिन्ता बालबालिकाले व्यक्त गरिरहेका छन् ।

### बाल कक्षामा धेरै क्षति

जिल्लाको रामनगर गाउँपालिका र बलरा नगरपालिकामा गरी दुई दर्जन बढी विद्यालयमा पानी पसेर क्षति गरेको छ ।

अधिकांश विद्यालयमा बाल विकास कक्षामा पानी पसेर क्षति गरेको बलरा नगरपालिकाका प्रमुख रामाशङ्करप्रसाद कुशवाहाले जानकारी दिनुभयो । “बालबालिकाको सुविधाका लागि ठूलो रकम खर्च गरेर ओच्छाएको कार्पेट, म्याटलगायत सामान पूर्ण रूपमा काम नलाग्ने भएका छन्”, उहाँले भन्नुभयो, “सिकाइ सामग्रीसमेत बगाएका छन्, बाँकी पनि काम लाग्ने अवस्थामा छैनन् ।”

नगरको वडा नं १, २, ३ र ४ का प्राथमिक विद्यालयमा चारदेखि पाँच फिटसम्म पानी जमेको नगरप्रमुख कुशवाहाले जानकारी दिनुभयो । विद्यालयमा पानी जमेका कारण बालबालिकाको पठनपाठन नै प्रभावित बनेको बलरा नगरपालिका-१ स्थित प्राथमिक विद्यालय सेडवाका प्रधानाध्यापक जङ्गबहादुर सहनीले बताउनुभयो । “अहिले चाडबाडको छुट्टी छ, तर महिनौंसम्म पठनपाठन हुने अवस्था छैन”, उहाँले भन्नुभयो ।

> अधिकांश विद्यालयमा बाल विकास कक्षामा पानी पसेर क्षति गरेको बलरा नगरपालिकाका प्रमुख रामाशंकरप्रसाद कुशवाहाले जानकारी दिनुभयो ।

विद्यालयसम्म पुग्न सकिने अवस्था नरहेको स्थानीय विनय यादवले बताउनुभयो । विद्यालय डुबानमा पर्दा विपन्न दलित, मुसहरलगायत समुदायका बालबालिका मर्कामा परेका हुन् । शैक्षिक सामग्रीसमेत बगाएका कारण बालबालिकासँगै अभिभावक समेत चिन्ता व्यक्त गरिरहेका नगरप्रमुख कुशवाहाले बताउनुभयो ।

पालिकाले समेत क्षति विवरण सङ्कलन गरेर व्यवस्थापन गर्ने प्रयास गरिरहेको उहाँले जानकारी दिनुभयो । सरकारी तथा गैरसरकारी सङ्घसंस्थासँग यस विषयमा सहयोगका लागि अपिल गरिएको उहाँले बताउनुभयो । नगरप्रमुख कुशवाहका अनुसार विभिन्न वडाका गरी १८ वटा विद्यालय डुबानमा परेका छन् । सबै विद्यालयमा फेरि बालबालिकाका लागि बसाइ व्यवस्थापन गर्नुपर्ने अवस्था छ ।

यस्तै रामनगर गाउँपालिकामा पनि विभिन्न वडामा गरी नौवटा विद्यालयमा बाढी पसेर डुबाएको छ । विद्यालय पूर्ण रूपमा क्षति नभए पनि आंशिक क्षति पुगेको पालिका अध्यक्ष राजाबाबु यादवले बताउनुभयो । विद्यालयसम्म पुग्ने अवस्था नहुँदा तत्काललाई पर्व बिदा दिइएको उहाँको भनाइ थियो । “अहिले पठनपाठन गर्न सक्ने अवस्था छैन”, उहाँले भन्नुभयो, “पर्व पनि परेकाले बिदा दिएका छौं, अब पानी सुकेपछि पठनपाठन सुरु हुन्छ ।”

बाढीले शैक्षिक सामग्री बगाएको र लामो समय विद्यालय जाने क्रम रोकिँदा बालबालिका फेरि विद्यालय बाहिर पुग्ने चिन्ता रहेको उहाँको भनाइ थियो । अर्कातर्फ विद्यालयको अवस्था पूर्ववत बनाउन ठूलो धनराशि खर्च गर्नुपर्ने अध्यक्ष यादवले बताउनुभयो ।

बल्लतल्ल विद्यालय आउन बानी परेका उनीहरू फेरि नआउने हुन् कि ? भन्ने चिन्ता विद्यालयका शिक्षकशिक्षिकाले समेत व्यक्त गर्नुभयो । बाढी तथा डुबानका कारण जिल्लामा ठूलो क्षति पुगेको हुनसक्ने शिक्षा विकास तथा समन्वय एकाइ सर्लाहीका प्राविधिक सहायक सुनिल कुशवाहाले जानकारी दिनुभयो । पालिकाहरूसँग क्षति विवरणका लागि ताकेता गरिरहेको उहाँले बताउनुभयो ।रासस

## छैटौँ एसियाली जनसंख्या सम्मेलन मङ्सिरमा हुने

पाटन । छैटौं एसियाली जनसंख्या सम्मेलन आगामी मङ्सिर १२ गतेदेखि १५ गतेसम्म काठमाडौंमा हुनेभएको छ । त्रिभुवन विश्वविद्यालय केन्द्रीय जनसंख्या तथा तथ्याङ्क विभागद्वारा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा विभिन्न ५० देशका करिब ८०० प्रतिनिधिको सहभागिता रहने बनाइएको छ ।

त्रिवि केन्द्रीय जनसंख्या तथा तथ्याङ्क विभागका प्रमुख प्राडा योगेन्द्रबहादुर गुरुङले चार दिनसम्म चल्ने काठमाडौं सम्मेलनमा एसियाली मुलुकका जनसंख्याविद्को तर्फबाट १७ विषयमा आधारित ४०० भन्दा बढी कार्यपत्र प्रस्तुत हुने जानकारी दिनुभयो ।

विश्वको जनसाङ्ख्यिक परिदृष्य र प्रवृति, यसको राजनीतिक, सामाजिक तथा आर्थिक प्रभाव, विकसित र विकासोन्मुख देशका जनसंख्यालाई प्राप्त हुने अवसर र चुनौतीलगायतका विषयमा केन्द्रित भई कार्यपत्र प्रस्तुत हुने उहाँले बताउनुभयो । अहिलेसम्म ४०० प्रतिनिधिसहित २६ देशका ३०० भन्दा बढी कार्यपत्र दर्ता भइसकेको सो अवसरमा बताइयो ।

“आसन्न सम्मेलनमा जनसङ्ख्या र विकासका सन्दर्भमा नेपालले अन्तर्राष्ट्रिय समुदायसँग अनुभव आदानप्रदान गर्ने विश्वास गरिएको छ । नेपालको विकासका एजेण्डालाई थप प्रवर्द्धन गर्ने तथा प्रमाणमा आधारित विकासमा जोड दिनुपर्ने आवश्यकतालाई बढावा दिने अपेक्षा गरिएको छ ।” प्राडा गुरुङले भन्नुभयो । समग्र विश्वसहित एसियाली क्षेत्रको जनसंख्या व्यवस्थापनका पक्षमा नीति-नियम परिवर्तन गर्न तथा नेपालको जनसंख्या नीतिलाई पुनरावलोकन गर्न आसन्न सम्मेलनले मार्गनिर्देश गर्ने उहाँले जानकारी गराउनुभयो ।

“जनसंख्याको वास्तविक परदृष्यिलाई ध्यान दिन सकिएन भने समस्या निम्तिन सक्छ, यसलाई ख्याल गरेर नीति योजना बनाउनुपर्छ । जनसंख्या संरचनामा भइरहेको स्थानान्तरणले विश्वसँगै नेपालले पनि विकास र सामाजिक सेवाका क्षेत्रमा लिइरहेका नीतिका बारेमा पुनःविचार गर्न आवश्यक छ । सम्मेलनले सरकारलाई यस विषयमा पनि काफी पृष्ठपोषण गर्ने हाम्रो विश्वास लिएका छौं ।” प्राडा गुरुङले भन्नुभयो ।

नेपाल जनसंख्या सङ्घका अध्यक्ष डा पदमप्रसाद खतिवडाले जनसंख्याको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरुबीच अध्ययन, अनुसन्धान र उत्कृष्ट अभ्यास अन्वेषण गरी साझा अवधारणा तयार गर्न सम्मेलन सफल हुने विश्वास व्यक्त गर्नुभयो ।

“जनसंख्या वृद्धिदर, स्थानान्तरण तथा व्यवस्थापनसहित दिगो विकासका मुद्दामा आवश्यक नीति, योजना, अनुसन्धान, शिक्षण, अनुगमन तथा मूल्याङ्कन र अन्य समसामयिक विषयवस्तुमाथि सम्बद्ध सरकारी निकाय, विश्वविद्यालय, विकास साझेदार संस्था र अन्य सरोकारवालाको तर्फबाट कार्यपत्र प्रस्तुत हुने सम्मेलन जनसङ्ख्यासम्बन्धि साझा समस्या, चुनौत र देशीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तहमा अवलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रमा पहिचान गर्न केन्द्रित हुने छ ।” डा खतिवडाले भन्नुभयो ।रासस

# बाघमा सवार माँ चन्द्रघण्टा

*पिण्डजप्रवरारूढा चण्डकोपास्त्रकेर्युता ।*
*प्रसादं तनुते मह्यं चंद्रघण्टेति विश्रुता ॥*

बडा दशैंमा घटस्थापना भएको तेस्रो दिन माँ चन्द्रघण्टाको पूजा गरिन्छ । नवरात्रिको तेस्रो दिन माँ चन्द्रघण्टाको पूजा र व्रत वस्ने गरिन्छ ।चन्द्रघण्टा माताको यो स्वरुपलाई शुद्ध आत्माले पूजागर्दा रोग हटछ र स्वस्थ्य भईन्छ । शत्रुहरुसित भय हुँदैन र दीर्घायुको वरदान प्राप्ती हुन्छ ।यसको साथै माँ आध्यात्मिक शक्ति, आत्मविश्वास र आत्मामाथि नियन्त्रणपनि बढाउछिन् । पहिलो दिन पूजा हुने माँ शैलपुत्री र दोस्रो दिन पूजा हुने माँ ब्रम्हचारिणी भन्दा फरक रुपमा माँ चन्द्रघण्टाको पुजा हुन्छ ।माता चंद्रघंटा शेरमाथि सवार रहनु हुन्छ ।उहाँको दशवटै हातमा विभिन्न अस्त्र शस्त्रहरु रहेका छन् ।माताको टाउकोमा चन्द्रमा विराजमान रहेकाल उहाँको यो स्वरुप अत्यन्त सुन्दर रहेको छ ।चन्द्रमा टाउकोमा विराजमान रहेकै कारण उहाँको नाम चन्द्रघण्टा परेको छ ।

तेस्रो दिन मणिपुर चक्रलाई प्रबल बनाउन साधना गरिन्छ । मन, कर्म, वचन शुद्ध गरी पूजा गर्नेहरुको सबै पाप समाप्त हुने धार्मिक विश्वास छ ।

देवीको यो स्वरूप परम शांतिदायक र कल्याणकारी रहेको छ । त्यसैले भनिन्छ हामी निरन्तर उहाँका पवित्र विग्रहलाई ध्यानमा राखेर साधना गर्नु पर्छ ।



उहाँको ध्यान गर्नु हाम्रो जिवनकाल र परलोक दुवैका लागि कल्याणकारी र सद् गति दिने हुन् ।माताको निधारमा घण्टाको अधार जस्तै चन्द्र रहेको छ ।चन्द्रघण्टा माता कल्याणकारी र सुख प्रदायणी हुन् । माता चन्द्रघण्टाको रंग स्वर्ण झै अत्यन्त चम्किलो हो ।दश हात भएकी माता चन्द्रघण्टाको सबै हातमा अस्त्र शस्त्र विभूषित छन् ।सिंहमाथि सवार माता चन्द्रघण्टाको घण्टीको ध्वनीले भयानक अत्याचारी राक्षत, दानव, दैत्य थर्कमान हुन्छ ।उहाँको घण्टाको आवाजले सन्त, ऋषीमुनी, देवी देउताहरुको आत्मविश्वास बढछ ।

तेस्रो दिन हुने पूजाको आफ्नै महत्व छ । माता चन्द्रघण्टाको कृपाले साधकहरुलाई अलौकिक वस्तुहरुको दर्शन हुन्छ ।दिव्य सुगन्धित अनुभूती हुन्छ ।कयौं किसिमका ध्वनीहरु सुनिन्छ ।यस्तो क्षणमा साधकहरुलाई अत्यन्त सावधान रहनु पर्छ ।माँ चन्द्रघण्टाको अराधनाल साधकहरुलाई वीरता, निर्भयता, सौम्यता र विनम्रताको विकास हुन्छ ।

त्यसकारण हामीले मन, वचन र कर्मले साथै जिउलाई विहित विधि-विधान अनुरुप परिशुद्ध-पवित्र गरी चंद्रघंटामाताको शरणागत भै उपासना-आराधना गर्नुपर्छ ।

विधिविधान पूर्वक साधनागर्दा सबै कष्टबाट मुक्ती पाउनुका साथै सहज ढंगले परम पदका अधिकार बन्न सकिन्छ ।माता चन्द्रघण्टा अत्यन्त कल्याणकारी हुन् ।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। बाढ़ी पहिरोको मारमा जनता ।।

बाढ़ी पहिरोले सताएको छ आज भोलि
कति गरीब लाई बगाएको छ आज भोलि
घर न घाट को बनायो बाढ़ी पहिरो ले
बहिरो सरकार लाई जगाए छ आज भोलि
लुट तंत्र सरकार लाई के आश गर्छ जनता
बेरोजगारी को सिकार बनाए छ आज भोली
सुन्दर सान्त देशमा कंस नेता जन्मेको छ
शान्ति क्षेत्र नेपाल लाई मरुभुमी बनाए छ आज भोलि
जो जोगी आएनी कान चिरेकै देखछु
कस कस लाई आश विश्वास गरौ आज भोली
घर न घटको बनायो भष्टाचारी नेता देश लाई
खाड़ी मा श्रम बेची रहेछु आज भोली
महगाईको मार मा जनता जहिले पनि पर्छ
गाड़ी र हवाई कम्पनी ले लुटि रहेछ आज भोली
आशा भरोसा तुहि सके जनता को देश मा
दिन दिनै खाड़ी तिर पुगि रहे छ जनता आज भोली



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## म किन्न सक्छु...!

म सताको सरकार किन्न सक्छु
म मन्त्रीको मन्त्रालय किन्न सक्छु
म कर्मचारी किन्न सक्छु
खाँचो परे पत्रकार किन्न सक्छु
म संग पैसा छ...॥१॥
चोरलाई साधु,सन्त बनाउन सक्छु
अपराधीलाई अधिकारी बनाउन सक्छु
जनतालाई भिखारी बनाउन सक्छु
विरोधीलाई भित्र गराउन सक्छु
म संग पैसा छ...॥२॥
तिम्रो चरित्र किन्न सक्छु
तिम्रो त्यो ईमान्दारी किन्न सक्छु
तिम्रो त्यो बोली किन्न सक्छु
तिम्रो सबथोक किन्न सक्छु
म संग पैसा छ...॥३॥



**लेखकः उज्ज्वल झा**
**स्थायी ठेगानाः महोत्तरी गा.पा**
**अस्थायी ठेगानाः जनकपुरधाम**
**शिक्षाः स्नातक तेस्रो वर्ष जारी**

## ।। रे नादान मन, ता राख धीर ।।

व्यथित व्याकुल प्रतिपल
न गर स्वयंलाई उथलपुथल
न बन मिथ्याको दुष् अधीन
बन सत्यमा एकाग्र-तल्लीन
मोह माया भ्रममा रह स्थिर
रे नादान मन, तँ राख धीर ।
मृत्यु भनेको शव सास रहित
मोक्ष भनेको सर्वआस रहित
पदसत्तामा पुग्नु होइन जीत
हार- प्रथम पथमा भयभीत
जीवनरणमा बन साहसी वीर
रे नादान मन, तँ राख धीर ।
दुर्गन्धमा असत्‍्येय किरा
स्वच्छ दर्पणमा एकल पीडा
निज स्वार्थका निज सम्बन्ध
पर्दा पछाडि कालो प्रबन्ध
सह सर्व शोक सन्ताप पीर
रे नादान मन, तँ राख धीर ।
चेतन अवचेतन बुझ प्रवृत्ति
भावदर्पण देख स्वयंआकृति
जोग बिजोगमा न रह भ्रमित
संवेग आवेग गर नियन्त्रित
न बगा नित नैनसागर-नीर
रे नादान मन, तँ राख धीर ।



**लेखकः राम मण्डल**
**ठेगानाः लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा**
**धनुषा, नेपाल**

## ।। शिक्षकको दशैं ।।

महिनाभरि कराइ कराइ स्कूलमा पढाउँछ
त्रैमासिक सेलेरी आउँछ भनी चित्तलाई बुझाउँछ
दशैंको रमझम चारैतिर देखिन थालेपछि
विद्यालयमा शुभकामना कार्यक्रम आयोजना भएपछि
छातीभित्र अनेकानेक पीडा राखे पनि
ओठले मुस्कुराएर शुभकामना टक्राउँछ
यसरी मौखिक रुपमा शिक्षकले दशैं मनाउँछ।
परिषद् भएछैन भनी भोलि पर्सि बताउँछ
खाता खुलेछैन भनी लाख बहाना बनाउँछ
एक टकाका मानिसहरु विद्वान जन्माउने शिक्षकलाई यिनै यस्तै
बहानामा पटक पटक मूर्ख बनाउँछ
तर पनि शिक्षकले मर्यादा पालन गर्न
समाजमा सद्भाव र सुशासन कायम गर्न
आफ्नो चित्त आफैले फेरिफेरि बुझाउँछ
यसरी पीडा लुकाइ शिक्षकले दशैं मनाउँछ।
ऋण लिएको महिनौ भो फेरि ऋण लिन्छ होला
उधारोको डायरी भरे अर्को डायरी भर्छ होला
खर्च कम गर्दागर्दै कन्जुसको उपाधि पाए
यसपल्ट नि घरैबाट केही उपनाम पर्छ होला
श्रीमती र छोराछोरी सबलाई खुशी पार्न
बिहान र बेलुकाको न्यूनतम छाक टार्न
कहीँ कतै पार्ट टाइममा केही काम ओट्याउँछ
यसरी सम्मानि पेशामा शिक्षक दशैं मनाउँछ।
आउने दशैंमा शिक्षकलाई नि दसा नलागोस्
काम गरेको पारिश्रमिक समयमै पाइयोस्
सबैको समस्या एकैनास हुन्छ बुझ्न सकोस्
माँ दुर्गाले जनप्रतिनिधिलाई सद्बुद्धि दिइयोस्
सबैको सु-स्वास्थ र दीर्घायु जीवनको कामना गर्न
आफू धिपधिप जले पनि देशमा उज्यालो छर्न
टुकीको बत्तीझै शिक्षक आफूलाई जलाउँछ
यसरी साहसको परिभाषा दिदै शिक्षकले दशैं मनाउँछ।



**विन्देश्वर ठाकुर**
**जनकपुरधाम**

## ।। सुजिवन ।।

कोहि सम्मानको खोजिमा छ
कोहि शिक्षा आर्जन गरिरहेको छ
कोहि अभिमानले भरिएको छ
कोहि पसिना चुहाएर कमाइरहेका छ
कोहि स्वाभिमानि छ
कोहि कलम चलाएर गुजारा गरिरहेको छ
कोहि तनावमा जिन्दगि काटिरहेको छ
प्रकृतिमा कयौ अमुक सजिव छन्
सवैमा सवैमा केहि कतै भाव लुकेको छ
बुझ्ने लाइ रमाइलो छ
नबुझ्नेलाइ घामाइलो छ
चन्द्र र सुर्य को पनि आफ्नै स्वभाव छ
मनुष्यको फितरत पनि यस्तै नै छ
काँडा विना फुल सुहाउदैन
दुख्ख र सुख्ख को आभास विना
आन्नद प्राप्त हुँदैन
मृत्युलोकमा छौ हामि
कर्मले नै सदैव कायम रहौला
धर्म सँग जुडेर श्रद्धा भक्ति पाउनेछौ
सहनशिलता मा ईश्वरिय शरण मा जानेछौ
क्रुरतामा विनाशकारी बाटो बनाउने छौ
निति र विनियम किताबमा हुन्छ
साँचो उपदेश समग्र व्यवहारमा ल्याउनुपर्छ
मिठोवोलि सवैलाइ प्रिय हुन्छ
अपशब्दले मनुष्यको मतिलाइ भ्रमित बनाउछ
देश आफै कर्जा मा डुबेकोछ
नेताको अखाडा जनता विचारा
हामि जनता समाजमा हातेमालो गरेर बसौ
जनता हामिहरुको कसरि उभो लागोस
सहयोग गर्दैछन् छिमेकि राष्ट्रहरुले
एकआपसमा समानतावादि ल्याउ
वाँचौ र वचाऔ यहि विधि अपनाउन
मरिलानु भोलि के लिएर जानु
सहि आचरण सुविचारधारा
सबैको भलो चिताउ
जय देश जय मातृभुमि



**प्रमोद राम**
**जनकपुर धाम ९**

## !! शुभ नवरात्री !!

नवरात्रिको शुभकामना, ल्याओ सारा खुशी,
आधिकारिक शक्ति, जसले दिन्छ जीवनको मिठास।
अष्टमीको पर्वमा, लिन्छौ नयाँ अवतार,
माँ दुर्गाको आराधना, समर्पण संगै प्यार।
नवरात्रिको उज्यालो, हरियालीको छाया,
संगीत र नृत्यमा, मन छ बग्दै माया।
संकटको अंधकारमा, तिमी हौ प्रकाश,
साथी र परिवारलाई, ल्याउ सद्भावको सास।
सुर्यको किरणमा, तिम्रो आशीर्वाद,
सुरक्षित रहोस् सबै, यो जीवनको चक्र।
नवरात्रिको शुभकामना, हर मनमा छाओ,
सिद्धी र समृद्धि, हरेक घरमा छाओ।
धेरै विश्वासको संगालो, धेरै आशाको बात,
नवरात्रिमा मिलेर, बनाउँछौं नयाँ रात।
जय माता दी, यो नवरात्रिमा,
सभीको जीवनमा, ल्याओ सुखको बिमा।



**लेखक :बब्लु शर्मा**
**ज. उ. न. पा. ७**

## ।। नेपालको गर्व।।


हिमालको छोरो, यो माटोमा बाँच्न पाउँ,
नेपालको गर्व, सधैं शीरमा राख्न पाउँ।
धार्मिक मेलामा मिल्छम् हामी सबै जात,
एकताको सुगन्ध, फिजियो देशभरि साथ।
दशैंको टीका, तिहारको रङ,
छठको सूर्य, ल्होसारको ढङ्ग।
ईदको नमाज, हरितालिका उमङ्ग,
हरेक चाडले सँगै गाए, एकताको सङ्ग।
नेवार, मधेसी, थारू र राई,
शेर्पा, गुरुङ, तामाङ सँग भाइ।
जातपात भुलेर, हातमा हात,
नेपालको माटोमा, हाम्रो साथ।
ध्वजामा झल्किने, सूर्य र चन्द्र,
नेपालको सान, कहिल्यै न मर्ने।
हाम्रो संस्कृति, भाषा अनि तागत,
एकताको धरोहर, हाम्रो सम्पत्ति, अमर।
हिमालको चुचुरो, साहसको कथा,
तराईको मैदान, शान्तिको गाथा।
हामी नेपाली, सबै एउटै जात,
यो देशका लागि, सधैं रहन्छ प्यार।
शान्तिका पर्वहरू, संस्कृति र संस्कार,
माटोको माया, यो जीवनभर अटुट प्यार।
सगरमाथाको उचाइ, गहिराइमा गर्व,
हामी नेपाली, जसको साहस छ अमर।
दशैंको टीका, तिहारको रङ,
छठको सूर्य, ल्होसारको ढङ्ग।
ईदको नमाज, हरितालिका उमङ्ग,
हरेक चाडले सँगै गाए, एकताको सङ्ग।



**लेखकः- आदित्य झा**
**कक्षा :-१०**
**श्री राष्ट्रिय माध्यमिक बिधालय,**
**जनकपुरधाम-१० रुपैठ , बेलहि**

## ।। किन म ।।

किन म सधैं आँसुमा डुबिरहन्छु म,
नसक्ने सपना किन यो बुनिरहन्छु म।
चाहनाहरू छन् धेरै मनको कुनामा,
तर किन हरेक चोटि टुटिरहन्छु म।
आकाश खुला छ, पर भव्य संसार छ,
तर किन पंख नहुँदा झुकिरहन्छु म।
खुसीको खोजीमा हिँड्छु म आफैंलाई,
तर किन यो बाटोमा अल्झिरहन्छु म।
अझै विश्वास छ मुटुका धडकनहरूमा,
तर किन आशाहरू मेटिरहन्छु म।



**लेखक विवेक साह**
**जनकपुरधाम ४**
**डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ ( ६ सेमेस्टर)**

## जब म अफिसर भएँ........

थियो ती दिनहरु,
जब म बेरोजगार थिएँ।
भयो अब,जागिरे जीवन,
अब म रोजगार भएँ।
अरुको नजरमा म अफिसर भएँ॥
पहिला पनि तनाव थियो ,
अहिले पनि तनाव छ।
पहिला घरबाट पैसा मँगाउन तनाब हुन्थ्यो ,
अहिले घर पठाउन तनाब छ॥
पहिला संघर्षमय समय थियो,
अचेल समयको पनि अभाव छ।
कारण,अरुको नजरमा म अफिसर भएँ॥
पहिला बेरोजगार हुदाँ तनाब थियो,
कारण बेरोजगारीले खल्ती रित्तो थियो ।
र,अहिले रोजगार भएर खल्ती रित्तो छ।
कारण ,अरुको नजरमा म अफिसर भएँ॥
पहिला पैँचो लिन,दिन तनाब हुन्थ्यो ,
कारण म बेरोजगार थिएँ।
अहिले सापटी लिन ,दिन तनाब छ।
कारण अहिले म रोजगार भएँ,
र,अरुको नजरमा म अफिसर भएँ॥
खाजा खान साथीहरू सँग बस्दा तनाब हुन्थ्यो ।
कारण साथीहरू कतिसम्मको खाजा खान्छन् भनेर।
किनभने ,म बेरोजगार थिएँ।
तर,अहिले तनाब ,झन बढ्दै गएको छ,
साथीहरूको अर्डर कतिसम्मको आउँछन् भनेर॥
कारण, अरुको नजरमा म अफिसर भएँ।
हो,म आफ्नो नजरमा आफैं ,अफिसर भएँ॥



**विपिन कुमार महतो (शा.अ.नेपाल सरकार )**
**मिथिला नपा.-८ कुसुम विसौना (धनुषा)**

## ।। आमा र बाबालाई समर्पित।।

तिम्रो माया, आमा, जीवनको आधार,
तिम्रै सन्देशमा बाँच्छु, सधैं विचार।
तिम्रा आँसुमा छ मेरो सुखको उज्यालो,
सपना हरु तिमीसँगै सजाउँछु, म प्यालो।
बाबा, तिम्रो कसम, सधैं बलियो छ,
सङ्घर्षका बिच, तिम्रो माया गहिरो छ।
तिमिहरूसँगै बिताएको हरेक क्षण,
माया र प्रेरणा, जीवनको असल धन।
साथी जस्तै, जीवनको दुःखमा साथी,
तिमीलाई पाउँदा, हराउँछ हर क्षति।
आमा र बाबा, मेरो जीवनका तारा,
तिमीहरूको माया, सधैं रहोस् बहरा।




**नामः- त्रिजेप कुमार झा**
**लोहारपट्टी -०५(महोत्तरी)**
**सिभिल इन्जिनियरिङ छात्र**

## प्रितमे किया गुमान केलौं..

अहिँ चन्दा,अहिँ सुरज,
मोती कैह क बखान केलौं।
अहिँ प्रितमे डुबल छी हम,
तैयो किया बिरान भेलौं॥
बिशैरके रामा,बिशैरके कृष्णा,
बस अहिँके गुनगान केलौं।
हद सं भारी अहाँक खर्चा,
चर्चामे खर्चा तमाम केलौं।
कहु तैयो किया बिरान भेलौं??
अहिँ बनी जिन्दगी हमर,
पकेट खर्च भि दान केलौं।
महँगा फैन्सी,महगा आइटम,
सब अहिँ प कुरबान केलौं॥
कहु तैयो किया बिरान भेलौं।
अहिँ स्कुल,अहिँ कलेज,
अहिँ ट्युसन तमाम भेलौं।
किताब,कापी ,भुलभुलैया,
झुट्ठे निन्द हराम केलौं।
तैयो अपन प्रेमक नदिया,
किया दोसरेके नाम केलौं??

**साधु शरण महतो 'अदित्य'**
**भङ्गहा नपा. ४,रामनगर विर्ता**



# मन्त्री यादवद्वारा सिस्नेरी खानेपानी आयोजना कार्यान्वयनमा जोड



काठमाण्डु । खानेपानीमन्त्री प्रदीप यादवले सिस्नेरी खानेपानी आयोजनालाई चाँडो कार्यान्वयनमा ल्याउन आवश्यक प्रक्रिया अगाडि बढाउन सम्बद्ध पक्षलाई निर्देशन दिनुभएको छ ।

काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (भ्याली बोर्ड) द्वारा शुक्रबार आयोजित फोहर पानी निगरानी प्रयोगशालाको उद्घाटन गर्नुहुँदै मन्त्री यादवले जतिसक्दो छिटो वैकल्पिक स्रोतका रूपमा रहेको सिस्नेरी खानेपानी आयोजना सञ्चालन गर्न निर्देशन दिनुभएको हो ।

उहाँले भन्नुभयो, "राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजनाको विकल्पका रूपमा ललितपुरमा खानेपानी आपूर्ति गर्ने उद्देश्यले मकवानपुरमा अवस्थित सिस्नेरी खोलाको पूर्व सम्भाव्यता अध्ययन र अन्य आवश्यक प्रक्रियाहरू पूरा गर्नुहोस् ।"

जिटुजी कार्यक्रमअन्तर्गत सिस्नेरी खानेपानी आयोजनाको कार्यान्वयनका लागि सम्भावनाको पहिचान गर्न पनि मन्त्री यादवले निर्देशन दिनुभयो । शुद्ध पानी पिउन पाउने जनताको अधिकार सुनिश्चित गर्न वर्तमान सरकार प्रतिबद्ध रहेको उल्लेख गर्नुहुँदै उहाँले फोहोर पानीसँग सम्बन्धित प्रयोगशालालाई आवश्यक जनशक्ति र उपकरणसहित प्रभावकारी र सुदृढ बनाउनुपर्ने धारणा राख्नुभयो ।

काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डका प्रमुख एवम् कार्यकारी निर्देशक सञ्जीवविक्रम राणाले प्रयोगशाला सञ्चालनमा आएको जानकारी दिनुभयो ।यसैबीच, मन्त्री यादवले काठमाडौँको कीर्तिपुरको सुन्दरीघाटस्थित ' इलेक्ट्रोमेकानिकल' शाखामा बाढीले क्षति पुऱ्याएका महत्वपूर्ण उपकरणको मर्मतको प्रगति अवलोकन गर्नुभएको छ । उहाँले बाढीले क्षति पुऱ्याएका क्षतिग्रस्त अत्यावश्यक उपकरण तत्काल मर्मतसम्भार गर्न निर्देशन दिनुभयो ।

त्यस अवसरमा उहाँले सुन्दरीघाटस्थित पानी प्रशोधन केन्द्र र आयोजना कार्यान्वयन निर्देशनालय (पीआइडी) को गोदामको समेत अवलोकन गर्नुभएको मन्त्रालयले जनाएको छ ।रासस

# वित्तीय संघीयता कार्यान्वयन प्राथमिकतामा परेन

**नेपालको संविधान २०७२ जारी भएर मुलुक संघीयतामा गएको लामो समय बितिसक्दा पनि अझै वित्तीय संघीयता कार्यान्वयन भने चुनौतीपूर्ण रहेको धारणा जानकारहरुले राखेका छन् ।**

काठमाण्डु । नेपालको संविधान २०७२ जारी भएर मुलुक सङ्घीयतामा गएको लामो समय बितिसक्दा पनि अझै वित्तीय सङ्घीयता कार्यान्वयन भने चुनौतीपूर्ण रहेको धारणा जानकारहरुले राखेका छन् ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले आयोजना गरेको नेपालमा 'सङ्घीयता : वित्तीय दृष्टिकोण' विषयक छलफल तथा प्रस्तुतीकरण कार्यक्रमका वक्ताहरुले वित्तीय सङ्घीयतालाई प्रभावकारी बनाउन नीतिगत र व्यावहारिक समस्या सुल्झाउन आवश्यक रहेको धारणा राख्नुभएको हो ।

कार्यक्रममा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेलले वित्तीय सङ्घीयता कार्यान्वयनका लागि देखिएका समस्या समाधानका लागी तीन तहका सरकार र निकायबीच समन्वय, सहककार्य र सहअस्तित्वको सिद्धान्तलाई प्राथमिकताका साथ पालना गरिनुपर्ने बताउनुभयो ।

स्थानीय तह र प्रदेश सरकारले राजस्व उठाउने र खर्च गर्ने अधिकार पाएकाले सङ्घ सरकारले समानीकरण अनुदान बढाउने र सशर्त अनुदान घटाउँदै जाने नीति लिइनुपर्ने उहाँले बताउनुभयो । प्रदेश र स्थानीय तहको बजेट योजना निर्माण र खर्च गर्ने क्षमता बढाउनुपर्नेमा पनि उहाँले जोड दिनुभयो ।

केन्द्र सरकारले महत्वाकाङ्क्षी राजस्व लक्ष्य राख्ने गरेको र त्यसको प्रभाव प्रदेश र स्थानीय तहमा पनि परेको अध्यक्ष पौडेलको भनाइ छ । प्रदेश र स्थानीय सरकारले समेत आन्तरिक ऋण उठाउने अधिकार पाए पनि स्पष्ट कानुनको अभाव र व्यवहारगत कठिनाइका कारण



उनीहरुले ऋण उठाउन नसकेको उहाँले बताउनुभयो ।

"कुनै पनि प्रदेश र स्थानीय तहले आन्तरिक ऋण उठाउन सकेका छैनन् । केहिले नगर विकास कोषको रकम चलाएका छन् । उनीहरुले ऋण कसरी उठाउने भनेर स्पट कानुन पनि बन्न सकेको छैन", पौडेलले भन्नुभयो । कुनै समय नेपालको कूल गार्हस्थ्य उत्पादनको अनुपातमा सार्वजनिक ऋण ६६ प्रतिशतसम्म उल्लेख गर्नुहुँदै पौडेलले अहिले पनि सार्वजनिक ऋणको अवस्था चिन्ता गर्नुपर्ने अवस्थामा नरहेको बताउनुभयो । यद्यपि, ऋण लिएर बढीभन्दा बढी पुँजी निर्माण गर्ने क्षेत्रमा खर्च गर्नुपर्ने उहाँको भनाइ छ । सशर्त अनुदानलाई विस्तारै नतिजामा आधारित बनाउँदै लगिनुपर्ने पनि पौडेलको भनाई छ ।


सरकारी बजेट खर्चमा चालुगत खर्चको हिस्सा बढ्दै गएको र पुँजीगत घट्दै जाने प्रवृत्ति लामो समयदेखि रहेको उल्लेख गर्नुहुँदै उहाँले सङ्घीयता महँगो भएको भन्न नमिल्ने पौडेलले बताउनुभयो । सरकारी खर्चको अवस्थाबारे वस्तुपरक विश्लेषण गरिनुपर्ने उहाँको भनाइ छ । आर्थिक वर्ष २०३४/३५ सम्ममा चालू भन्दा पुँगीगत खर्च बढी हुने गरेकामा आव २०५१/५२ तिर समान अङ्कमा पुगेको देखिन्छ । त्यसपछि क्रमशः चालुगतभन्दा पुँजीगत खर्च घट्नेक्रम सुरु भएको देखिन्छ । अहिले चालुगत खर्च बढेको भनेर सङ्घीयता महँगो भएको भन्न मिल्दैन । हामी लामो समयदेखि यस्तो अवस्था भोगिरहेका छौँ", पौडेलले भन्नुभयो ।

कार्यक्रमममा बोल्नुहुँदै काठमाडौँ विश्वविद्यालयका रजिस्ट्रार प्रा डा अच्युत वाग्लेले सङ्घीयता कार्यान्वयन पछि विकास तथा समृद्धि जुन गतिमा हुन पर्थ्यो त्यसो हुन नसकेको बताउनुभयो । सङ्घीयता सवलीकरणका लागि नागरिकलाई प्रवाह हुने सेवा सुविधा सहज र सहज हुनुपर्ने उहाँको भनाइ छ ।

वाग्लेले नेपालको संविधानले प्राकृतिक स्रोत तथा वित्त आयोगलाई निकै कममात्र अधिकार दिएको पनि बताउनुभयो । राष्ट्रिय योजना आयोगले गर्ने काम र यसको अस्तित्वमाथि प्रश्न उठाउनुभयो । योजना आयोगभन्दा वित्त आयोगलाई बलियो र अधिकार सम्पन्न बनाउनुपर्ने उहाँको भनाइ छ ।संविधानमा राखिएको सङ्घीयता कसरी कार्यान्वयन भइरहेको छ भनेर कुनै पनि राजनीतिक दलले चासो नदिने गरेको वाग्लेले बताउनुभयो । सङ्घीयतालाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्नेबारे तथ्याङ्कपरक रुपमा अध्ययन अनुसान्धान हुन नसकेको पनि उहाँको भनाइ छ ।

"सङ्घीयताले कतै आर्थिक दायित्व बढाइरहेको त छैन ? भन्ने प्रश्न छ । तर वास्तवमा अवस्था के हो भन्ने विषयमा हामीसँग यकीन तथ्याङ्क छैन । त्यसबारे अध्ययन अनुसन्धान पनि हुन सकेको छैन", डा वाग्लेले भन्नुभयो । नेपालको नीतिनिर्माण परामर्शदाताहरुमा सार्वजनिक खरिद ऐनका व्यवस्था सङ्घीयता अनुकूल हुन नसकेको पनि वाग्लेको बताउनुभयो । सङ्घीयता कार्यान्वयनको अवस्थाबारे समीक्षा गर्नपर्ने, सङ्घीयतासँग सम्बन्धित तथ्याङ्कमा आधारित अध्ययन अनुसन्धान गर्ने र प्ररामर्श दाताबाटभन्दा पनि वास्तविक क्षेत्रबाट आउनुपर्ने बताउनुभयो । केन्द्रिकृत सोचका कारण सङ्घीयता कार्यान्वयनका समस्या भएको पनि वाग्लेको भनाइ छ ।रासस

# प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एकैदिन साढे तीन करोड जम्मा



काठमाण्डु । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा शुक्रबार एकैदिन रु तीन करोडभन्दा बढी रकम हस्तान्तरण भएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीलाई सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा भेटेर विभिन्न सरकारी र निजी क्षेत्रका वित्तीय संस्थाका अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृतले शुक्रबार आफ्नो संस्थागत सहयोगको चेक हस्तान्तरण गरेका हुन् ।

कृषि विकास बैंकबाट रु एक करोड ५० लाख, नागरिक लगानी कोषबाट रु ५१ लाख, एसबिआइ बैंकबाट रु २५ लाख, लाइफ इन्स्योरेन्स कर्पोरेशनबाट रु ३१ लाख, नेपाल पूर्वाधार विकास बैंकबाट रु २५ लाख, ओरियन्टल इन्स्योरेन्सबाट १५ लाख, सिमेक्स इन्क प्रालि (बिवाइडी) कम्पनीबाट रु ५१ लाख रकम हस्तान्तरण भएको हो ।

सो अवसरमा प्रधानमन्त्री ओलीले सहयोगकर्तालाई धन्यवाद दिँदै बाढी, पहिरो र डुबानका कारण भएको ठूलो धनजनको क्षति भएकाले प्राप्त सहयोगबाट राहत वितरणमा योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले किसानहरुको पाकिसकेको बालीसमेत प्रभावित भएकाले त्यसको विस्तृत विवरण आउन बाँकी रहेको बताउनुभयो ।


मन्त्रिपरिषद्को गत सोमबारको बैठकले उक्त कोषमा प्रारम्भिकरुपमा रु एक अर्ब रकम जम्मा गर्ने निर्णय गरेको थियो । कोषमा अन्य संस्था र व्यक्तिहरुबाट पनि सहयोगको क्रम जारी रहेको छ ।रासस

# नागरिकलाई सहजरुपमा सेवा दिन स्वास्थ्य मन्त्री पौडेलको आग्रह

पाटन । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले नागरिकलाई सहजरुपमा सेवा प्रदान गर्न पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका कर्मचारीलाई निर्देशन दिनुभएको छ ।

प्रतिष्ठानको शुक्रबार निरीक्षण गर्दै मन्त्री पौडेलले अन्य सरकारी अस्पतालको तुलनामा प्रतिष्ठानको सेवा अझ उदाहरणीय बनाउनुपर्नेमा जोड दिनुभयो । "यहाँको सेवा तुलनात्मक रुपमा राम्रो छ, यसलाई अझ राम्रो बनाउन जरुरी छ", उहाँले भन्नुभयो ।

मन्त्री पौडेलले विपद्का क्रममा घाइते भएका बिरामीको उपचारबारे जानकारी लिँदै सरकारले घोषणा गरिएअनुसार नै निःशुल्क सेवा दिएकामा अस्पताललाई धन्यवाद दिनुभयो । प्रतिष्ठानका रजिष्टार डा पारसकुमार आचार्यले सेवाको गुणस्तर बढाउन मन्त्रालयको निर्देशनअनुसार काम गर्ने प्रतिबद्धता जनाउनुभयो ।




प्रतिष्ठानले अनलाइन सेवा थालेकामा प्रशंसा गर्दै मन्त्री पौडेलले कुर्नुपर्ने समय अझ घटाएर बिरामीलाई सहज सेवा दिन आग्रह गर्नुभयो । "अनलाइन सेवा अझ प्रभावकारी बनाउनुपर्छ", उहाँले भन्नुभयो । अस्पतालको अवस्थाबारे जानकारी लिन आएको उल्लेख गर्दै मन्त्री पौडेलले सेवा प्रभावकारी बनाउनका लागि सघाउन मन्त्रालय तयार रहेको बताउनुभयो ।

निरीक्षणका क्रममा मन्त्री पौडेललाई प्रतिष्ठानका उपकुलपति प्रा डा राजेशनाथ गंगोलले स्वागत गर्नुभएको थियो । आफ्नै स्रोत साधनमा धेरै बिरामीलाई सेवा प्रदान गर्नुपरेको उल्लख गर्दै उहाँले अस्पतालको नयाँ भवन निर्माणका लागि सहयोग गर्न मन्त्री पौडेल समक्ष आग्रह गर्नुभयो । सो अवसरमा मन्त्री पौडेलले अस्पतालको नयाँ भवन निर्माणका लागि पहल गर्ने आश्वासन दिनुभयो ।रासस

# मन्त्री भण्डारीद्वारा खानेतेलको मूल्य तथा आपूर्तिको अवस्थाबारे जानकारी

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपाल वनस्पति घ्यू तेल उत्पादक सङ्घका पदाधिकारीसँग खानेतेलको मूल्य तथा आपूर्तिको अवस्थाबारे जानकारी लिनुभएको छ । उहाँले उपभोक्तालाई मर्का नपर्ने गरेर बजारमा खानेतेलको आपूर्तिको व्यवस्था गर्न आग्रह गर्नुभयो ।

सङ्घका अध्यक्ष विकास दुगडसहितको टोलीले मन्त्री भण्डारीलाई शुक्रबार सिंहदरबार स्थित मन्त्रालयमा खानेतेलको मूल्य र आपूर्ति अवस्थाबारे जानकारी गराएको हो । अध्यक्ष दुगडले अन्तर्राष्ट्रिय बजारमा आएको मूल्य परिवर्तन र जलवायु परिवर्तनका कारण मूल्यवृद्धिको अवस्था आएको मन्त्री भण्डारी समक्ष जानकारी गराउनुभयो ।

मन्त्री भण्डारीले विपद् र चाडपर्वका बेला मूल्य वृद्धि गर्न नहुने उल्लेख गर्दै वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक राजन पौडेलसहित बैठक बसेर उपभोक्तालाई मर्का नपर्ने गरेर समाधान निकाल्न निर्देशन दिनुभयो ।

सो क्रममा सङ्घका अध्यक्ष दुगड, पूर्वअध्यक्ष सन्दीप अग्रवाललगायतले खानेतेल उत्पादक उद्योगीले वाणिज्य मन्त्रालयअन्तर्गतको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले सिधै खरिद गरेर बिक्री गर्दा उपभोक्ताले बजार मूल्यभन्दा सस्तोमा खानेतेल खरिद गर्न पाउने



बताउनुभयो । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अध्यक्ष रमेश आचार्यले उद्योगबाट सिधै तेल खरिद गरेर उपभोक्ताले सस्तोमा पाउने भएकाले खरिद प्रक्रिया अगाडि बढाइएको जानकारी गराउनुभयो ।

यसैबीच सोही क्रममा नेपाल चामल तेल उत्पादक सङ्घका विभोर अग्रवालले विगतको तुलनामा चामलको मूल्य कम रहेको र चाडपर्वका बेला चामल तथा दालको मूल्य वृद्धि नहुने जानकारी दिनुभयो । उहाँले तिहारपछि भारतले निर्यात शुल्क १० प्रतिशत वृद्धि गर्न लागेकाले वाणिज्य मन्त्रालयले पहल गरे त्यो हट्ने र मूल्य वृद्धि नहुने बताउनुभयो ।

**विपद् पीडितलाई राहत**

नेपाल वनस्पति घ्यू तेल उत्पादक सङ्घ र नेपाल चामल तेल उत्पादक सङ्घले मन्त्री भण्डारीको आग्रहमा विपद्का कारण पीडित भएका सर्वसाधारणका लागि खाद्यान्न उपलब्ध गराएको छ । दुवै सङ्घले शुक्रबार ललितपुरलगायत विभिन्न ठाउँका सर्वसाधारणका लागि खाद्यान्न उपलब्ध गराएको हो । नेपाल वनस्पति घ्यू तेल उत्पादक सङ्घले चामल तीन सय ६० बोरा, चिउरा एक सय बोरा, मसूर दाल ४० बोरा र तोरीको तेल दुई सय लिटर उपलब्ध गराएको छ ।

यस्तै नेपाल चामल तेल उत्पादक सङ्घले चामल एक सय ४० बोरा र मसुरको दाल ४० बोरा उपलब्ध गराएको छ । यसैबीच दुवै सङ्घले नागरिकमा पर्न गएको ठूलो विपत्ति तथा जनधनको क्षतिमा गहिरो दुःख व्यक्त गर्दै प्राकृतिक विपत्तिको समयमा विपत्तिमा पर्न गएका व्यक्ति र परिवारमा केही भए पनि राहत प्रदान गरेको जनाएको छ ।रासस

# अध्यक्ष दाहालद्वारा यातायात व्यवसायी र मजदुर सङ्गठनका प्रतिनिधिसँग छलफल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ र यातायात मजदुर सङ्गठनका पदाधिकारी तथा यातायात क्षेत्रका प्रतिनिधिसँग प्राकृतिक विपद्ले यातायात क्षेत्रमा सिर्जना गरेको समस्या समाधानबारे छलफल गर्नुभएको छ ।

बाढीपहिरोका कारण विभिन्न ठाउँमा भएको क्षतिको अनुगमन गर्नुभएका अध्यक्ष दाहालले दसैँको समयमा गाउँ फर्कने जनताको अवस्था, बाढीपहिरोका कारण अवरुद्ध सडक सञ्जाल, यातायात व्यवसायी, मजदुरलगायत समग्र यातायात क्षेत्रका समस्याबारे जानकारी लिँदै समाधानका लागि पहल लिने प्रतिबद्धता जनाउनुभयो ।

आफूले काठमाडौँ, ललितपुर, भक्तपुर र काभ्रेका प्रभावितस्थलको अनुगमन गर्दा ठाउँठाउँमा अझै पनि गाडी पुरिएको, आवागमन अवरुद्ध रहेको, यातायात क्षेत्रले ठूलो क्षति भोगेको र यातायात मजदुरलाई पीडादायी अवस्थामा देखेको उल्लेख गर्दै अध्यक्ष दाहालले यससम्बन्धी विस्तृत जानकारी लिएर प्रमुख प्रतिपक्षी दलको नेताका रुपमा समाधानका लागि पहल गर्न छलफल थालेको बताउनुभयो ।

अध्यक्ष दाहाल निवास खुमलटारमा आज भएको सो छलफलमा यातायात



महासङ्घ र यातायात मजदुर सङ्गठनका पदाधिकारीले यातायात क्षेत्रले ठूलो सङ्कट व्यहोर्नुपरेको, व्यावसायी मारमा परेको, यातायात मजदुरको सुरक्षाका लागि सरकारले पहल लिन नसकेको, यातायात क्षेत्रमा पुगेको क्षतिको तथ्याङ्क सङ्कलनसमेत नगरिएकोलगायत धारणा राख्नुभएको थियो ।

सरकारले पहिरोका कारण थुनिएका मजदुर र गाडीको उद्धार गर्नुपर्ने, घरबारविहीन भएका मजदुर र व्यावसायीलाई राहतको व्यवस्था गर्नुपर्ने र पुरिएका र बगेका गाडीको बीमा रकम प्राप्तिमा समस्या भएका कारण तत्काल उपलब्ध गराइदिने वातावरण बनाइदिन उहाँहरुको आग्रह थियो ।

छलफलमा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजय स्वार, वरिष्ठ उपाध्यक्ष सरोज सिटौला, अखिल नेपाल यातायात मजदुर सङ्घका अध्यक्ष दीपक केसी, नेपाल यातायात मजदुर सङ्घका धर्म भण्डारी, नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनका भीम ज्वाला राईलगायत पदाधिकारी सहभागी हुनुहुन्थ्यो ।रासस

# राप्रपाद्वारा पार्टीका केही विभाग प्रमुखहरूको जिम्मेवारी हेरफेर र मनोनयन

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले पार्टीको विधानबमोजिम केही विभाग प्रमुखहरूको जिम्मेवारी हेरफेर र केही विभागका प्रमुखहरूको मनोनयन गर्नुभएको छ ।

सो पार्टीका प्रवक्ता एवं प्रचार विभाग प्रमुख मोहनकुमार श्रेष्ठले बिहीबार एक विज्ञप्ति जारी गर्नु भई पार्टी केन्द्रीय अध्यक्ष लिङ्देनले पार्टीको विधानबमोजिम केही विभाग प्रमुखहरूको जिम्मेवारी हेरफेर र केही विभागका प्रमुखहरूको मनोनयन गर्नुभएको जानकारी दिनुभएको हो । उहाँका अनुसार सङ्गठन विभागको प्रमुखमा वरिष्ठ नेता उपाध्यक्ष बुद्धिमान तामाङ, स्थानीय तह परिचालन विभागको प्रमुखमा वरिष्ठ नेता एवं उपाध्यक्ष ध्रुवबहादुर प्रधान, राजनीतिक विभागको प्रमुखमा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र रहनुभएको छ ।

यसैगरी पर्यटन विभागको प्रमुखमा सहायक महामन्त्री विजय खड्का, विपद् व्यवस्थापन विभागको प्रमुखमा केन्द्रीय सदस्य उद्धव थापा, सूचना प्रविधि विभाग (आइटी)को प्रमुखमा केन्द्रीय सदस्य उद्धवराज भेटुवाल र लेखा समितिको प्रमुखमा केन्द्रीय सदस्य केदार न्यौपाने रहनुभएको जनाएको छ ।रासस

# गाजामा बन्धक बनाइएका ६४ जनाको अवस्था अज्ञात

एएफपी

पेरिस । हमास लडाकूहरूले इजरायलमाथि अहिलेसम्मकै सबैभन्दा भयानक आक्रमण गर्दा उनीहरूले दुई सय ५१ बन्धकलाई गाजा पट्टीमा लगेका थिए। तीमध्ये केही पहिले नै मृतावस्थामा थिए।

आक्रमणको एक वर्षपछि पनि दुई बालबालिकासहित ६४ जना अझै बन्धक छन् । इजरायलले उनीहरू जीवित रहेको विश्वास गरेको छ । गाजा पट्टीमा शासन गर्ने प्यालेस्टिनी लडाकू समूहका लागि बन्धकहरू इजरायलसँग युद्धविराम वार्ता गर्न र इजरायली जेलहरूमा थुनिएका प्यालेस्टिनी कैदीहरूको रिहाइ गर्न महत्त्वपूर्ण मोलमोलाइको माध्यम हुन् ।



**५२ पुरुष, १० महिला, दुई बालबालिका**

सन् २०२३ अक्टोबर ७ मा हमास लडाकूहरूले कब्जामा लिएका दुई सय ५१ बन्धकमध्ये एक सय १७ जना मुक्त भएका छन् र तिनीहरूमा अधिकांश महिला, बालबालिका र विदेशी कामदार छन् ।इजरायली जेलहरूमा थुनिएका दुई सय ४० कैदीको बदलामा अधिकांश बन्धकलाई नोभेम्बरको अन्त्यतिर एक साताको युद्धविरामको समयमा रिहा गरिएको थियो ।

करिब एक वर्षपछि गाजामा अहिले पनि बन्धक बनाइएका ६४ जना जीवित रहेको इजरायलको विश्वास छ । सेनाले मृत भएका पुष्टि गरेका ७० मध्ये ३३ को शव अझै गाजामा छ ।गाजामा मृत्यु भएका वा अक्टोबर ७ मा मारिएर त्यस क्षेत्रमा लगिएका ३७ बन्धकको शव सेनाले स्वदेश फर्काएको छ। जीवित रहेको विश्वास गरिएका ६४ मध्ये ५७ जना इजरायली हुन् । यद्यपि तीमध्ये केहीसँग एउटाभन्दा बढी राष्ट्रियता छ । अन्य छ जना थाई नागरिक र एक जना नेपाली छन्।

बाउन्न जना पुरुष र १० महिला छन् । त्यस्तै ११ जना सैन्य कर्मचारी छन् भने दुई जना बालबालिका छन् । सबैभन्दा कम उमेरको बन्धक कफिर अपहरणमा पर्दा आठ महिना १५ दिनको थिए। उनका दाजु एरियल गाजामा लैजाँदा जम्मा चार वर्षका थिए । हमासले यी दुई बालबालिका मरेको बताएको छ तर इजरायलले यसको पुष्टि गरेको छैन।

**जीवित रहेको कुनै प्रमाण छैन**

डिसेम्बर १ मा युद्धविराम समाप्त भएयता इजरायली सैन्य कारबाहीका क्रममा अन्य सात बन्धक मात्र जीवितै मुक्त भएका छन् । जीवित रहेको कुनै प्रमाण नभएकाले ६४ जना अझै जीवित छन् कि छैनन् भन्नेबारेमा अनिश्चितता कायम छ। आफ्ना लडाकूहरूले एक इजरायली बन्धकलाई गोली हानी मारेको र अन्य दुईलाई घाइते बनाएको हमासको सशस्त्र शाखाले अगस्ट १२ मा बताएको थियो। हमासले धेरै पटक बन्धकहरूको मृत्यु भएको घोषणा गरे पनि इजरायलले त्यसको पुष्टि गरेको छैन । यसबाट परिवारहरू पीडामा छन्।

**शवहरू गाजा लगियो**

अक्टोबर ७ मा हमासका लडाकूहरूले इजरायली सैनिकहरूको १० शवसहित केही मृतकलाई गाजामा आफूसँगै लगे।

युद्ध सुरु भएयता कम्तीमा २८ अन्य बन्धकको गाजामा मृत्यु भएको छ । सन् २०२३ डिसेम्बर १५ मा तीन जनालाई इजरायली सेनाले गल्तीले मारेको थियो । उनीहरू २८ वर्षीय योताम हाइस तथा २६ वर्षका सामेर अल-तलाल्का र एलोन शाम्रिज थिए। इजरायली सेनाले हमासमाथि हर्श गोल्डबर्ग-पोलिन, कार्मेल गाट, इडेन जेरुसेलमी, अलेक्जेन्डर लोबोनोभ, अल्मोग सारुसी र ओरी दानिनो गरी छ जनाको हत्या गरेको आरोप लगाएको छ। उनीहरूलाई सैनिकहरूले दक्षिणी गाजाको रफाहमा एउटा सुरुङमा फेला पारेका थिए।

**महोत्सव, किबुत्जका जीवितहरू**

अधिकांश बन्धकहरूलाई निर ओज किबुत्ज र नोभा सङ्गीत महोत्सवमा भएको आक्रमणका क्रममा लगिएको थियो ।अक्टोबर ७ मा निर ओज किबुत्जमा अपहरणमा परेका कम्तीमा ७६ बन्धकमध्ये ४० जना जीवितै रिहा भएका छन् । अरु २० जना अझै गाजामा छन् र जीवित रहेको विश्वास गरिएको छ । बाँकी १६ जनाको मृत्यु भइसकेको छ। महोत्सवबाट अपहृत १७ जना मात्र जीवित रहेको र अझै गाजामा बन्धक रहेको विश्वास गरिन्छ । नोभाबाट अपहरणमा परेका कम्तीमा ४३ बन्धकमध्ये नौ जना मात्र रिहा भएका छन् भने अन्य १७ जनाको मृत्यु भएको छ।

**सम्पूर्ण परिवार**

अक्टोबर ७ मा सम्पूर्ण परिवारलाई गाजामा लगिएको थियो । उनीहरूका लागि सन् २०२३ नोभेम्बरको युद्धविरामले राहत दिए पनि प्रियजनहरूलाई पछाडि छाड्नुपर्दाको पीडा पनि दियो । फ्रान्सेली-इजरायली बालबालिकाहरू इतान, इरेज र सहर मुक्त भए पनि उनीहरूका बुबा ओहाद याहालोमी र ओफेर काल्डेरोन अझै बन्धक छन्।

# त्रिकोणात्मक क्रिकेट सिरिजको उपाधि क्यानडाले जित्यो




काठमाण्डु । त्रिकोणात्मक टि-२० सिरिजको उपाधि क्यानडाले जितेका छ। क्यानडाको किङ्गसिटीमा सम्पन्न खेलमा क्यानडाले ओमानलाई पाँच विकेटले पराजित गर्दै प्रतियोगिताको उपाधि जितेको हो।

तीन देश सम्मिलित उक्त सिरिजमा क्यानडा शीर्षस्थानमा रहँदै प्रतियोगिताको उपाधिमाथि कब्जा जमाएको हो। क्यानडाले पहिलो खेलमा नेपाललाई १४ रनले हराएको थियो भने दोस्रो खेलमा नेपाललाई चार विकेटले पराजित गरेको थियो । त्यसैगरी ओमानविरुद्धको पहिलो खेलमा क्यानडा आठ विकेटले पराजित भएको थियो।

त्यस्तै सिरिजमा नेपाल भने दोस्रो स्थानमा रह्यो । यसअघि नेपालले ओमानलाई पहिलो खेलमा ३७ रन तथा दोस्रो खेलमा ५६ रनले हराएको थियो। खेलमा ओमानले दिएको ८३ रनको लक्ष्यलाई क्यानडाले १४ दशमलव एक ओभरमा पाँच विकेट गुमाउँदै पूरा गर्यो। क्यानडाका लागि कप्तान निकलोस कृतनले सर्वाधिक २० रनको योगदान दिए भने हर्ष ठाकरले १८ रन बनाए। त्यस्तै दिलप्रित बजवाले १४ तथा नभनित धलिवालले ११ रन बनाए।

ओमानका अकिब इलियासल र कालिमउल्लाहले समान दुई-दुई विकेट लिए भने जिसन मक्सुदले एक विकेट झारे । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको ओमानले १९ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै ८२ रनको योगफल बनाएको थियो । ओमानको लागि कप्तान अकिब इलियासले सर्वाधिक ३५ रनको योगदान दिए।

उनले ४४ बलमा तीन चौका र एक छक्काको सहायताले ३५ रन जोडेका हुन्। त्यसैगरी शाकिल अहमदले १८ रन जोड्नेबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । बलिङतर्फ क्यानडाका अखिल कुमार र प्रभिन कुमारले समान तीन-तीन विकेट लिए भने हर्ष ठाकरले दुई विकेट लिए । त्यसैगरी सादविन जफरले एक विकेट झारे ।रासस

# मध्यपूर्व तनावका कारण तेलको मूल्य वृद्धि

एएफपी

न्युयोर्क। मध्यपूर्वमा बढ्दो द्वन्द्वको आशङ्काप्रति लगानीकर्ताहरूको प्रतिक्रियास्वरूप बिहीबार तेलको मूल्य वृद्धि भएको छ भने विशेषगरी प्रमुख सेयर बजारमा गिरावट आएको छ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले इजरायलमाथि तेहरानको मिसाइल आक्रमणको प्रतिशोधमा इरानी तेल साइटहरूमा सम्भावित इजरायली आक्रमहरूबारे 'छलफल गरिरहेको' बताउनुभएपछि तेलको मूल्य बढेको हो। अन्तर्राष्ट्रिय बेन्चमार्क ब्रेन्ट पाँच प्रतिशतभन्दा धेरैले बढेर प्रतिब्यारेल ७७ दशमलव ६२ डलर पुगेको छ भने अमेरिकी सम्झौता वेस्ट टेक्सास इन्टरमिडिएट पनि त्यसरी नै बढेको छ।

प्रमुख अमेरिकी स्टक सूचकाङ्कहरू दिनको अधिकांश समयमा नकारात्मक रहे। एसएन्डपी५०० शून्य दशमलव दुई प्रतिशतले घटेर बन्द भयो। लन्डन, पेरिस र फ्रेङ्कफर्टका सेयर बजार सबै रातो भएर बन्द भए। अमेरिकी डकवर्कर्सको हडताल र अमेरिकी फेडरल रिजर्भको आगामी ब्याजदर कदमबारेको अनुमानले पनि हङकङ एक साताभन्दा लामो समयमा पहिलो पटक घट्यो।

यो साता इजरायलमाथि इरानको क्षेप्यास्त्र आक्रमणले इजरायलको गाजा र लेबनानमा तेहरान समर्थित समूहहरूसँगको द्वन्द्व व्यापक क्षेत्रीय युद्धमा परिणत हुनसक्ने डर बढाएको छ।"बजारहरू निलम्बित अवस्थामा छन्, इरानविरुद्ध इजरायलको अपेक्षित प्रतिशोधका लागि बजारहरू तयार छन्, यस्तो कदमले तेलको मूल्यलाई व्यापक रूपमा बढाउन सक्छ", स्वतन्त्र बजार विश्लेषक स्टिफन इन्सले भन्नुभयो। लेबनानी लडाकू समूह हिजबुल्लाहलाई समर्थन गर्ने इरानले इजरायलले जवाफी आक्रमण गरे आफ्नो प्रतिक्रिया बढाउने बताएको छ।

लेबनानमाथि इजरायली बमबारीमा अहिलेसम्म एक हजारभन्दा बढी मानिस मारिएका छन्। यसमा बेरुतमा भएका आक्रमणहरू पनि समावेश छन्। इजरायली सेनाले बिहीबार लेबनानको राजधानी बेरुतमा हिजबुल्लाहको खुफिया मुख्यालयमा आक्रमण गरेको बताएको छ। सैनिकहरू भने सीमा नजिक लडाकूहरूसँग लडिरहेका थिए र युद्धक विमानहरूले मुलुकभर उनीहरूका गढहरूमा बमबारी गरिरहेका थिए।



लगानीकर्ताहरूलाई प्रभावित गरेको थियो। शुक्रबार प्रमुख रोजगारी प्रतिवेदन आउने भएको छ।

डलरको सुरक्षित आश्रय स्थितिले यसको मूल्य बढेको छ। बेलायती पाउन्ड डलरको तुलनामा एक प्रतिशतभन्दा बढीले घटेको छ। बैंक अफ इङ्ग्ल्यान्डका प्रमुख एन्ड्र्यु बेलीले बेलायती ऋण लागतमा तीव्र कटौतीको सङ्केत दिनुभयो ।एसियामा येन कमजोर हुँदा टोक्यो दुई प्रतिशतले बढेर बन्द भयो। यसले जापानका निर्यातकर्ताहरूलाई सहयोग गरेको छ। चीनको कमजोर अर्थतन्त्रलाई प्रोत्साहित गर्न चालिएको साहसिक कदमका कारण भएको तीव्र वृद्धिपछि

यद्यपि विश्लेषकहरूले गत साता अमेरिकी भण्डारण अपेक्षाभन्दा बढेकाले तेलको मूल्य वृद्धि सीमित हुनसक्ने बताएका छन्। लिबियाको पूर्वी प्रशासनले पनि बिहीबार एक महिना लामो उत्पादन र निर्यात अवरोध अन्त्य गरेको घोषणा गरेको छ। साउदी नेतृत्वको ओपेक प्लस तेल कार्टेलले डिसेम्बरदेखि उत्पादन बढाउने तय गरेको छ। यसले आपूर्तिको चिन्तलाई अझ कम गर्नेछ।

लगानीकर्ताहरूले शुक्रबार प्रमुख अमेरिकी गैर-कृषि पेरोल रोजगारी प्रतिवेदनमा ध्यान केन्द्रीत गर्दैछन्।

# सर्वोच्च अदालतलाई वैवाहिक बलात्कारमा उदारता देखाउन भारत सरकारको आग्रह

एएफपी

मुम्बई। भारत सरकारले वैवाहिक बलात्कारलाई अन्य बलात्कार अपराधहरूभन्दा धेरै उदारताका साथ व्यवहार गर्नुपर्नेमा जोड दिएको छ । वैवाहिक बलात्कारीलाई गैरकानूनी घोषित गर्न माग गर्दै अभियन्ताहरूले दायर गरेको चलिरहेको सर्वोच्च अदालतको मुद्दामा भारत सरकारले त्यस्तो जोड दिएको हो।



भारतमा बेलायती औपनिवेशिक शासनको समयमा १९औं शताब्दीमा लागु गरिएको दण्ड संहिताले स्पष्ट रूपमा "एक पुरुषले आफ्नै पत्नीसँग गरेको यौन क्रियाकलाप... बलात्कार होइन" भनी उल्लेख गरेको छ ।वैवाहिक बलात्कारलाई गैरकानूनी बनाउन खोज्ने अभियन्ताहरूको एक दशक लामो अदालती चुनौतीका बाबजुद प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले जुलाईमा उक्त धारालाई कायम राख्दै संशोधित संहिता लागु गरेको थियो।

भारतको गृह मन्त्रालयले बिहीबार सर्वोच्च अदालतमा दायर गरेको शपथपत्रमा वैवाहिक बलात्कारको परिणाम 'दण्डात्मक' हुनुपर्ने भए पनि कानूनी प्रणालीले यसलाई विवाह बाहिर गरिएको बलात्कारभन्दा बढी उदारताका साथ व्यवहार गरिनुपर्ने उल्लेख छ।

"पतिसँग आफ्नी पत्नीको सहमति उल्लङ्घन गर्ने कुनै मौलिक अधिकार निश्चित रूपमा छैन", द इन्डियन एक्सप्रेस अखबारका अनुसार शपथपत्रमा भनिएको छ, "यद्यपि भारतमा मान्यता प्राप्त 'बलात्कार' प्रकृतिको अपराधलाई विवाह संस्थामा आकर्षित गर्नु अत्यधिक कठोर मान्न सकिन्छ ।"भारतको वर्तमान दण्ड संहिताले बलात्कारमा दोषी ठहर भएकालाई न्यूनतम १० वर्षको सजाय तोकेको छ।

वैवाहिक बलात्कारलाई विद्यमान कानूनहरूमा पर्याप्त रूपमा सम्बोधन गरिएको र यसमा घरेलु हिंसाबाट महिलाहरूको संरक्षण गर्ने सन् २००५ को कानून समावेश रहेको सरकारको वक्तव्यमा उल्लेख छ। उक्त कानूनले यौन दुर्व्यवहारलाई घरेलु हिंसाको रूपमा मान्यता दिन्छ तर अपराधीहरूलाई कुनै आपराधिक दण्ड निर्धारण गर्दैन। दण्ड संहिताको अर्को धारामा पतिले आफ्नी पत्नीविरुद्ध गरेका व्यापक रूपमा परिभाषित 'क्रुरता' का कार्यहरूका लागि तीन वर्षसम्मको जेल सजायको प्रावधान छ।

सन् २०१९ देखि २०२१ सम्म गरिएको सरकारको पछिल्लो राष्ट्रिय परिवार स्वास्थ्य सर्वेक्षणअनुसार १८ देखि ४९ वर्ष उमेर समूहका छ प्रतिशत भारतीय विवाहित महिलाले वैवाहिक यौन हिंसाको अनुभव गरेको बताएका छन्।

यसको अर्थ विश्वको सबैभन्दा धेरै जनसङ्ख्या भएको भारतमा एक करोडभन्दा बढी महिला आफ्ना पतिहरूको हातबाट यौन हिंसाको शिकार भएका छन्।

# विश्वकप एसिया छनोटको उद्घाटन खेल नेपालले थाइल्याण्डसँग खल्ने

काठमाण्डु । आगामी कात्तिक २१ गतेदेखि नेपालले खेल्ने महिला यु-१९ टि-ट्वान्टी विश्वकपको एसिया छनोट खेलका लागि नेपाल क्रिकेट सङ्घ (क्यान)ले २० खेलाडी छनोट गरेको छ।




संयुक्त अरब इमिरेट्समा आयोजन हुने उक्त छनोट खेलका लागि क्यानले दोस्रो चरणमा २० खेलाडी छनोट गरेको हो। छनोटमा नेपालसँगै आयोजक संयुक्त अरब इमिरेट्स (युएई), कुवेत र थाइल्याण्ड छन् । छनोट हुने नेपाली खेलाडीमा सोनी पाख्रिन, कृष्मा गुरुङ, मनिषा उपाध्याय, साना प्रविन, प्रतिमा शाह, स्नेहा महरा, सावित्रा धामी र सुस्मिता भुसाल छन्।

त्यसैगरी रञ्जु श्रेष्ठ, किरनकुमारी कुँवर, तृष्ना विक, रिया शर्मा, अलिशाकुमारी यादव, भवानी कामती, पूजा महतो, कुसुम गोदार, सिमाना केसी, ज्योत्सिका मरासिनी, रचना चौधरी र आश्मा पुलामीमगर छन्।

विश्वकपको एसिया छनोटको आफ्नो पहिलो खेलमा नेपालले आगामी कात्तिक २१ गते थाइल्याण्डसँग खेल्दै प्रतियोगिताको उद्घाटन गर्नेछ । त्यसैगरी नेपालले दोस्रो खेल कात्तिक २२ गते कुवेतसँग खेल्ने छभने कात्तिक २४ गते घरेलु टोली युएईसँग खेल्नेछ। नेपालको कात्तिक २५ गते थाइल्याण्डसँग खेल्ने छभने कात्तिक २७ गते कुवेतसँग खेल्नेछ । नेपालले अन्तिम खेलमा कात्तिक २८ मा युएईसँग खेल्नेछ।

चार टोली सहभागी रहने उक्त छनोटमा शीर्षस्थान हासिल गर्ने टोली अर्को वर्ष मलेसियामा आयोजना हुने विश्वकपका लागि छनोट हुनेछ ।रासस

# श्रीलङ्काका लागि दिगो सुधार महत्वपूर्ण : आइएमएफ

एएफपी

कोलम्बो । श्रीलङ्काको नयाँ राष्ट्रपतिले दुई अर्ब ९० करोड अमेरिकी डलरको राहत रकमका शर्तमा परिवर्तन गर्न माग गर्नुभएको छ । जवाफमा अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले शुक्रबार भनेको छ,"श्रीलङ्काको पीडादायी मितव्ययिताका उपायहरूले सार्थकता पाइरहेका छन् र यसलाई निरन्तरता दिइरहनुपर्छ ।"




बामपन्थी नेतृ अनुरा कुमारा दिसानायकेले गत महिना भएको राष्ट्रपतीय चुनावमा करवृद्धि फिर्ता लिने, सरकारी कर्मचारीको तलब बढाउने र गत वर्ष कोलम्बोले प्राप्त गरेको अलोकप्रिय आईएमएफ बेलआउटमा पुनः वार्ता गर्ने वाचा गर्नुभएको थियो । मार्क्सवादी पृष्टभूमिबाट राष्ट्रपतिमा निर्वाचित दिसानायकेले यसै साता कोलम्बोमा कोषका प्रतिनिधिसँग पहिलो बैठक गर्दै आफू निम्न आय भएका परिवारमा करको भार कम गर्न चाहेको बताउनुभएको थियो।

यसको जवाफमा वासिङ्टनमा मुखलय रहेको ऋणदाता आइएमएफले श्रीलङ्काको आर्थिक पुनरुत्थानलाई खतरामा नपार्न महत्वपूर्ण रहेको बताएको हो ।यसबारे आइएमएफ प्रवक्ता जुली कोजाकले वासिङ्टनमा पत्रकारहरूसँगको कुराकानीमा भन्नुभयो, "आर्थिक वृद्धिलाई पुनर्जीवित गर्ने, मुद्रास्फीति घटाउने, सञ्चिति बढाउने र राजस्व परिचालनमा सुधार गर्ने सन्दर्भमा श्रीलङ्कामा सुधारका हाम्रा प्रयासहरू सफल भइरहेका छन्।"

"महत्वपूर्ण कमजोरीहरू र अनिश्चितताबीचसुधारको गतिलाई कायम राख्नु महत्त्वपूर्ण हुन्छ," उहाँले भन्नुभयो ।श्रीलङ्काले आईएमएफकोषको ३३ करोड ६० लाख अमेरिकी डलरको चौथो किस्ता निकाल्न नेताहरूले उद्धार योजनाको राजस्व र खर्चको लक्ष्यमा अडिग रहेको देखिनु आवश्यक हुनेछ।

राष्ट्रपतिको कार्यालयका अनुसार राष्ट्रपति दिसानायकेले बिहीबार आईएमएफ कार्यक्रमका उद्देश्यहरूसँग 'व्यापक सहमति' पुनः पुष्टि गर्नुभएको छ तर 'वैकल्पिक माध्यमहरू मार्फत यी उद्देश्यहरू प्राप्त गर्ने महत्वमा जोड दिनुभएको छ । उहाँले यसले जनतामा बोझ कम गर्ने बताउनुभएको छ।

नयाँ राष्ट्रपतिट्रम्पले १२.५ अर्ब अमेरिकी डलरको अन्तर्राष्ट्रिय सार्वभौम ऋणपत्रको पुनर्संरचना गर्न र नगदको अभावभ्रेलिरहेका राष्ट्रका लागि थप सहुलियत सुनिश्चित गर्न पनि आफूले सम्झौता गर्न चाहेको बताउनुभएको छ।

विश्लेषकहरूका अनुसार दिसानायकेसँग आईएमएफ सम्झौताका सर्तलाई नयाँ आकार दिने थोरै ठाउँ छाकोलम्बोस्थित आर्थिक थिङ्क ट्याङ्क एडभोकाटाका मुर्तजा जाफर्जीले दिसानायकेको निर्वाचनलगत्तै एएफपीसँग भन्नुभएको थियो, "अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) वार्तागर्न सहमत नहुने केही जटिल कुराहरू छन्।"

"आईएमएफ गत प्रशासनले सहमति गरेको मुद्रा मुद्रण, राजस्व र खर्चको लक्ष्यमा प्रतिबन्धसहित बेलआउटका मुख्य बुँदाहरूमा पछि हट्ने सम्भावना छैन," उहाँले भन्नुभयो।

# इजरायलसँगको युद्धमा इरानका सहयोगी पछि नहट्ने खामेनीको भनाइ

एएफपी

बेरुत। इरानका सर्वोच्च नेताले शुक्रबार एक दुर्लभ सम्बोधनमा यस क्षेत्रका आफ्ना सहयोगीहरूले इजरायलविरुद्ध लड्ने प्रतिबद्धता व्यक्त गरेको बताउनुभएको छ।

इरानले इजरायलमाथि दोस्रो पटक आक्रमण गरेपछि र इजरायली सेनाविरुद्ध हिजबुल्लाह समूहले विभिन्न स्थानमा गरेको आक्रमणको बदलामा इजरायलले लेवनानमा गरेको हवाई आक्रमणमा हिजबुल्लाह नेता हसन नसरल्लाहलगायत हमासका सहयोगी कमाण्डरको मृत्यु भएपछिको यो पहिलो सम्बोधन हो।

प्यालेस्टिनी लडाकू समूह हमासले अक्टोबर ७ मा इजरायलमाथि आफ्नो इतिहासकै सबैभन्दा घातक आक्रमण गरेको करिब एक वर्षपछि इजरायलले लेबनानसँगको आफ्नो सीमा सुरक्षामा ध्यान केन्द्रित गर्ने घोषणा गरेको छ।

फारसी भाषी इरानमा हजारौंको भीडलाई सम्बोधन गर्दै उहाँले अरबी भाषामा भन्नुभयो, "यस क्षेत्रको प्रतिरोध समूहले यी शहादतहरूबाट पछि हट्नेछैन र जित्नेछ।"तेहरानले नसरल्लाह र अन्य शीर्ष नेताको हत्याको बदलामा इरानले गरेको क्षेप्यास्त्र आक्रमणको बदलामा इजरायलले हिजबुल्लाहविरूद्ध आक्रमण गरिरहेको बेला उक्त सम्बोधन आएको हो ।खामेनीले हिजबुल्लाहले सम्पूर्ण क्षेत्र र सम्पूर्ण इस्लामी विश्वका लागि महत्वपूर्ण सेवा प्रदान गरिरहेको भन्दै यसको प्रशंसा गर्नुभयो।

लेबनानमा जारी हिंसाको तत्काल अन्त्य नहुने हो कि भन्ने डर लेबनानका मानिसहरुमा देखिएको छ ।बेरुतकी ३५ वर्षीया विस्थापित नर्स फातिमा सालाहले भन्नुभयो, "मानिसहरु हाम्रा बालबालिकाका लागि डराएका छन् र यो युद्ध लामो हुनेछ।"इजरायली रक्षामन्त्री योआभ ग्यालेन्टले इजरायलमाथि आक्रमण गर्नेले ठूलो मूल्य चुकाउनुपर्ने चेतावनी दिएका छन् ।इरानले यदि इजरायलले जवाफी हमला गरेमा आफ्नो प्रतिक्रिया बढाउने बताएको छ।

# भारत र नेपालले तटबन्ध नगर्दा सुस्ता डुबानमा



नवलपरासी । भारत र नेपालले तार र ढुङ्गाले तटबन्ध नगरेका कारण जिल्लाको सुस्ता गाउँपालिका-५ नरायणीपारि सुस्तागाउँ डुबानमा पर्दै आएको छ । नेपाल र भारत दुवै देशले ध्यान नदिँदा सुस्ताबासीले बर्खामा बाढीको चपेटा खेप्नु परेको हो ।

सुस्तालाई नेपालबाट टुक्र्याउने भारतको नीतिगत योजना रहेकाले नेपालीलाई दुःख दिनकै लागि आफ्नो क्षेत्रमा तटबन्ध नबनाएको सुस्ता गाउँपालिकाका अध्यक्ष टेकनरायण उपाध्यायले दाबी गर्नुभयो । उहाँका अनुसार सुस्तालाई भारतले तीनतिरबाट घेरेको छ । भारतले आफ्नो क्षेत्रका नदीमा तटबन्ध नगर्दा बर्सेनि सुस्ता गाउँ डुबान पर्ने गरेको अध्यक्ष उपाध्यायले स्पष्ट पार्नुभयो ।

अविरल वर्षा हुँदा नरायणी नदीको पानी सुस्ता गाउँमा पसेपछि सुस्ता डुबानमा परेको हो । भारतले तटबन्ध गर्यो भने सुस्तामा बाढी नआउने अध्यक्ष उपाध्यायले बताउनुभयो । सुस्ताको भूमिको विषयलाई लिएर बारम्बार भारतीय सुरक्षाकर्मीसँग विवाद हुने गरेको छ ।

बाढी तथा डुबानका कारण मानवीय र पशुचौपाया क्षति नभए पनि चामल, गँहु, दाललगायत खाद्य सामग्री क्षति भएको स्थानीय अजाद खानले बताउनुभयो । त्यस्तै बाढी तथा डुबानका कारण ४० प्रतिशत धानबाली नष्ट भएको मुनसी हरिजनले बताउनुभयो । उहाँका अनुसार जबसम्म भारतले आफ्नोतर्फ तटबन्ध गर्दैन, तबसम्म सुस्तावासी बाढीबाट पीडित भइरहन्छन् । उहाँले भन्नुभयो, "नेपाल-भारत दुवैले आ-आफ्नोतर्फ तार र ढुङ्गाबाट तटबन्ध गर्न जरुरी छ ।"

सुस्ता गाउँमा बाढी पसेपछि दुई सय घर डुबानमा परेको थियो । नारायणीको बाढी सुरुमा थारू बस्तीमा पसेको सुस्ता बिओपीका सशस्त्र प्रहरी बल नेपालका निरीक्षक मानबहादुर खड्काले बताउनुभयो । बाढीका कारण मानवीय र पशुचौपाया क्षति नभए पनि फुसको घर भत्किए बस्ने अवस्था नभएको सुस्ता गाउँपालिका-५ का वडाध्यक्ष प्रभुनाथ अहिरले बताउनुभयो । उहाँका अनुसार सुस्तामा रहेका सशस्त्र र जनपथ प्रहरीको चौकीसमेत डुबानमा परेको थियो ।

सुस्ताका अधिकांश स्थान डुबानमा परेर त्यहाँका स्थानीयवासी आश्रयस्थलमा बास बसेका सुस्ता बचाउ अभियानका प्रवक्ता रवीन्द्र जयसवालले जानकारी दिनुभयो । फुसको घर भत्किएर अहिले पनि बस्ने अवस्था नभएको उहाँ बताउनुहुन्छ ।

सुस्ता गाउँपालिका-५ स्थित सुस्तातर्फ नरायणीमा तारले तटबन्ध गर्नका लागि त्यहाँको स्थानीय तहसँग पहल भइरहेको पश्चिम नवलपरासीकी प्रमुख जिल्ला अधिकारी एवं विपद् व्यवस्थापन समितिकी अध्यक्ष स्किम श्रेष्ठले बताउनुभयो ।

सरावल गाउँपालिका-५, ६ र ७ मा एक हजार दुई सय बिघामा लगाइएका धान बाली डुबानमा रहेका नवलपरासी कृषि ज्ञान केन्द्रका प्रमुख डा रवीन्द्रनाथ चौबेले बताउनुभयो ।रासस

# सुधारोन्मुख अर्थतन्त्रमा प्राकृतिक विपद्को प्रभाव

गत साता आर्थिक प्रक्षेपण र अवस्थाको मूल्याङ्कनका हिसाबले दुई महत्वपूर्ण अन्तर्राष्ट्रिय संस्थाहरुले नेपालको अर्थतन्त्र सुधारिँदै गएको टिप्पणी गरे । एशियाली विकास बैंक (एडिबी) र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) दुवैले नेपालको अर्थतन्त्रमा खासगरी कृषि उत्पादन, पर्यटन आगमन र विद्युत् उत्पादनको सकारात्मक प्रभाव परेको बताएका छन् ।



काठमाण्डु । गत साता आर्थिक प्रक्षेपण र अवस्थाको मूल्याङ्कनका हिसाबले दुई महत्वपूर्ण अन्तर्राष्ट्रिय संस्थाहरुले नेपालको अर्थतन्त्र सुधारिँदै गएको टिप्पणी गरे । एशियाली विकास बैंक (एडिबी) र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) दुवैले नेपालको अर्थतन्त्रमा खासगरी कृषि उत्पादन, पर्यटन आगमन र विद्युत् उत्पादनको सकारात्मक प्रभाव परेको बताएका छन् । एडिबीले समयमै मनसुन भित्रिएकाले कृषि उत्पादन बढ्ने, विद्युत् उत्पादन वृद्धिले औद्योगिक उत्पादनमा टेवा पुग्ने र पर्यटन आगमन बढेर कूल गार्हस्थ उत्पादन वृद्धिमा सघाउने टिप्पणी गरेको छ । एडिबीले चालु आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धि ४.९ प्रतिशत पुग्ने प्रक्षेपण गरेको छ ।

आइएमएफले पनि नेपालको वैदेशिक मुद्राको सञ्चिति उच्च रहेको, विप्रेषण बढेको, पर्यटन आगमन बढेको र मूल्यवृद्धि नियन्त्रणमा रहेको कारण अर्थतन्त्र सुधारको दिशामा गएको जनाएको छ । यी दुई अन्तर्राष्ट्रिय दातृ निकायले प्रक्षेपण गरेजस्तै गतवर्ष जस्तो नभई यस वर्ष देशको आर्थिक स्थितिमा केही सुधार हुने देखिएको छ । तर हालैको बाढी, पहिरोले त्यस प्रक्षेपणलाई चुनौती दिएको छ ।

सन् २०२४ को आठ महिनामै सात लाखभन्दा बढी पर्यटक नेपाल भित्रिइसकेका छन् । गतवर्ष सो अवधिमा मात्र छ लाख पर्यटक भित्रिएका थिए । त्यसैगरी विप्रेषणको कुरा गर्दा चालु आवको साउन महिनामै रु एक खर्ब ३७ अर्ब भित्रिएको नेपाल राष्ट्र बैंकले जनाएको छ । गत आवको सोही महिनामा एक खर्ब १६ अर्ब मात्र विप्रेषण भित्रिएको थियो ।

त्यसैगरी वैदेशिक मुद्राको सञ्चिति पनि बढेर चालु आवको साउनसम्म १५ अर्ब ५८ करोड डलर (२० खर्ब ९२ अर्ब २२ करोड नेरु) पुगेको छ। यसले साढे १३ महिनाको आयात धान्न पुग्ने राष्ट्र बैंकको भनाइ छ। वैदेशिक मुद्राको सञ्चिति पनि गत आवको साउनसम्म १५ अर्ब १८ करोड डलर थियो। त्यसैगरी आयात घट्दा र विप्रेषण बढ्दा शोधानान्तर (रकम बाहिरिने र भित्रनेबीचको अन्तर) बचत पनि बढेको छ । चालु आवको पहिलो महिना साउनमै शोधानान्तर बचत रु ४० अर्ब ९० करोड पुगेको छ । गत वर्षको सोही अवधिमा शोधानान्तर स्थिति रु ३६ अर्ब ६३ करोडले बचतमा थियो । चालु आवको पहिलो महिनामै चालु खाता रु ३० अर्ब ३७ करोड बचतमा छ । गत आवको सोही अवधिमा चालु खाता रु १३ अर्ब ३७ करोड बचतमा थियो ।

त्यसैगरी अर्थतन्त्रमा मूल्यवृद्धि पनि नियन्त्रणमा आएको देखिन्छ । चालु आवको साउन महिनामा उपभोक्ता मूल्य वृद्धिदर ४.१० प्रतिशतमा सीमित रहेको राष्ट्र बैंकले जनाएको छ । गत वर्षको सोही अवधिमा ७.५२ प्रतिशत मूल्यवृद्धि रहेको थियो । अर्थतन्त्रको धेरैजसो बाह्य र केही पर्यटन, विद्युत् उत्पादन तथा कृषि क्षेत्रलगायतको आन्तरिक क्षेत्रसमेत सुधारिँदै गएको हो । फलस्वरुप एडिबी र आइएमएफजस्ता अन्तर्राष्ट्रिय संस्थाहरुले आर्थिक बृद्धि हुने प्रक्षेपण गरे । तर यसबीच विगत केही दिनयताको घनघोर वर्षा, त्यसले निम्त्याएको बाढी र पहिरोले नेपालमा ठूलो मात्रामा जिउधनको क्षति गरिसकेको छ । क्षतिको आँकलन कति हुनेछ त्यो यकिन त भइसकेको छैन । खासगरी कोशी र बाग्मती प्रदेशमा आएको बाढी, पहिरोले पुर्याएको क्षतिले आर्थिक वृद्धि र प्रक्षेपणलाई चुनौती भने दिएको छ ।

यस प्राकृतिक विपत्तिले अव्यवस्थित विकास, बसोबास र शहरीकरणले जहिले पनि नोक्सानी पुर्याउन सक्ने पाठ पनि सिकाएको छ । यसपटकको बाढी, पहिरोमा परी दुई सयभन्दा बढीको मृत्यु भएको गृह मन्त्रालयले जनाएको छ । त्यसैगरी करिब चार सय घर पूर्णदेखि आंशिक रुपमा क्षति भएको, देशका अधिकांश राजमार्गमा कुनै न कुनै प्रकारको क्षति पुगेको, दुई दर्जन बढी पुल पूर्णरुपमा भत्किएको अवस्था छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सडक तथा पुलहरुमा मात्र रु दुई अर्ब ५० करोड बढीको क्षति भएको छ। त्यसैगरी स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था (इपान)का अनुसार १६ वटा जलविद्युत् कम्पनीमा दुई अर्बभन्दा बढीको क्षति भएको छ।

विपद्ले कृषि क्षेत्रमा त्यत्तिकै नोक्सानी भएको छ। प्राधिकरणको अनुसार जनताको निजी सम्पत्ति, सार्वजनिक सम्पत्तिमा पुगेको क्षति र त्यसको पुनःनिर्माणमा लाग्ने खर्च जोड्दा यस विपत्तीबाट कम्तिमा रु एक खर्बको नोक्सानी भएको छ । सडक तथा पुलहरु भत्किदा देशले आगामी दिनहरुमा भोग्ने आर्थिक क्षतिको पाटो अर्को पनि हुन्छ। सुधारोन्मुख बन्दै गएको अर्थतन्त्रलाई बाढी तथा पहिरो, डुबानले नराम्ररी धक्का दिएको छ । फलस्वरुप देशको आर्थिक वृद्धि र विस्तारमा त्यसले नकारात्मक असर गर्नेछ।

विपद्ले कृषि क्षेत्रमा त्यत्तिकै नोक्सानी भएको छ। प्राधिकरणको अनुसार जनताको निजी सम्पत्ति, सार्वजनिक सम्पत्तिमा पुगेको क्षति र त्यसको पुनःनिर्माणमा लाग्ने खर्च जोड्दा यस विपत्तीबाट कम्तिमा रु एक खर्बको नोक्सानी भएको छ। सडक तथा पुलहरु भत्किदा देशले आगामी दिनहरुमा भोग्ने आर्थिक क्षतिको पाटो अर्को पनि हुन्छ। सुधारोन्मुख बन्दै गएको अर्थतन्त्रलाई बाढी तथा पहिरो, डुबानले नराम्ररी धक्का दिएको छ । फलस्वरुप देशको आर्थिक वृद्धि र विस्तारमा त्यसले नकारात्मक असर गर्नेछ।

नयाँ सरकार बनेर अर्थमन्त्री विष्णु पौडेल भएपछि शेयर बजार पनि केही हदसम्म उकालो लाग्न थालेको छ । नयाँ मौद्रिक नीतिले घरजग्गा तथा शेयर बजारको लागि केही सहजता पनि दिएको हो । फलस्वरुप शेयर बजार र घरजग्गा कारोबार दुबै क्षेत्रमा सुधार आएको हो । नजिकिएको बडादशैं, तिहारजस्ता चाडबाडले अर्थतन्त्रलाई थप गतिशील बनाउने, व्यवसायीहरुको व्यापार बढ्ने आशा गरिएको छ। समग्रमा अर्थतन्त्रको बाह्य परिसूचक अत्यन्त सकारात्मक रहेको र आन्तरिक पक्षमा क्रमिक सुधार आउँदै गरेको अवस्था हो । भदौ अन्तिम सातापछि वाणिज्य बैंकहरुले पनि कर्जालाई विस्तार गर्न थालेका हुन् । खासगरी बैंकहरुको कर्जाकै ब्याजदर पनि एकल अंक नजिक आउँदा ऋण लगानी बढ्न थालेको छ।

नेपाल राष्ट्र बैंकको अनुसार चालु आव २०८१/८२ को असोज १० गतेसम्म बैकिङ प्रणालीमा रु ६५ खर्ब ३२ अर्ब निक्षेप सङ्कलन रहेको छ। यसमध्ये वाणिज्य बैंककहरुमा नै ५८ खर्ब सात अर्ब निक्षेप रहेको छ। सो अवधिसम्ममा बैक तथा वित्तीय संस्थाहरुले कुल रु ५२ अर्ब ३८ करोड रकम कर्जा लगानी गरेका छन् । राष्ट्र बैकका अनुसार औसत सिडी रेसियो ७८.८० रहेको छ । अहिलेको अवस्थामा छ खर्ब लगानीयोग्य तरलता रहँदा बैंकहरुले कर्जा विस्तार गर्न थालेका हुन् । कांग्रेस-एमाले गठबन्धनको वर्तमान सरकार बनेपछि राजस्व सङ्कलनमा पनि केही सुधार देखिन्छ।

महालेखा परीक्षकको कार्यालयको अनुसार चालु आव २०८१/८२ को साउन र भदौ महिनाको अवधिमा रु एक खर्ब ६९ अर्ब रुपैँया राजस्व संकलन भएको छ । जुन चालु आवको बजेटमार्फत लिइएको लक्ष्यको ११.६६ प्रतिशतले बढी हो । वास्तवमा आयात-निर्यात व्यापारमा आएको सुधारले नै राजश्व सङ्कलनमा सुधार आएको देखिन्छ। यसबीच शेयर बजारमा आएको सुधारले साउन महिनामा मात्रै सरकारलाई रु २० अर्ब बढी पुँजीगत लाभकर सङ्कलन भएको छ । शेयर बजारमै बैंकहरुले यसबीच ७० अर्ब बढी कर्जा प्रवाह गरेका छन्। यसले अर्थतन्त्र क्रमशः सकारात्मक दिशातिर जाँदै गरेको प्रष्ट गर्दछ।

आन्तरिक अर्थतन्त्रको चित्र प्रस्तुत गर्ने शेयर बजार परिसूचक नयाँ आव सुरु भएयता सुधारिएको हो। नेप्से १९ सयदेखि दुई हजार अङ्कमा बरालिइरहँदा साउनयता तीन हजार अङ्कको उचाइ भरेर अहिले केही सुधार भएको देखिन्छ । खासगरी भित्रिएको दसैं, तिहारजस्ता चाडबाडको दबाबले पनि शेयर बेच्ने र खर्च जुटाउनेहरु धेरै हुँदा बजारमा केही फरक देखिन्छ। चाडबाडपछि बजारले फेरि उही लय समात्ने धेरैको आशा छ।

त्यसैगरी पर्यटन क्षेत्रमा पनि विगत वर्षहरुभन्दा सुधार हुँदैछ । पर्यटन आगमनको मौसम सुरु भएयता होटल तथा रेष्टुरेन्टहरु भरिन थालेका छन् । ट्राभल एजेन्सी तथा टेकिङसँग सम्बन्धित जनशक्तिहरुले रोजगारी पाएका छन् । त्यसकारण केही महिनायता अर्थतन्त्रमा क्रमिक सुधार पक्कै हो । तर अपसोच हालैको प्राकृतिक विपत्ति (बाढी, पहिरो, डुबान) ले ठूलो मानवीय तथा भौतिक क्षति गरेको अवस्था छ। यसले सुधारिँदै गएको अर्थतन्त्रमा ठूलो धक्का दिएको छ । यस्तो शोकलाई शक्तिमा बदलेर अर्थतन्त्रको सुधार तथा पुनरुउत्थानमा सरकारले डटेर लाग्नुपर्ने आवश्यकता छ । देशको आन्तरिक अर्थतन्त्र अझै गतिशील बनाएर रोजगारी र अवसरहरुको सिर्जना गराउनेमा सरकारले सिर्जनात्मक प्रयास थाल्नुपर्छ । बाढी र विपत्तीहरुबाट पाठ सिकेर आधुनिक र दिगो विकासको पथमा सरकारले पाइला चाल्नुपर्छ ।रासस

# ग्लोबल आइएमई बैंकका ग्राहकलाई नेपाल मणिपाल शिक्षण अस्पतालमा विशेष छुटको सुविधा



**टुडे समाचारदाता**

काठमाण्डु । ग्लोबल आइएमई बैंक लिमिटेड र नेपाल मणिपाल शिक्षण अस्पतालबीच ग्लोबल आइएमई बैंकका ग्राहकहरुलाई अस्पतालमा उपलब्ध विभिन्न स्वास्थ्य सेवामा छुट प्रदान गर्ने सहमती पत्रमा हस्ताक्षर सम्पन्न भएको छ।

उक्त समझदारीमा बैंकको गण्डकी प्रदेश प्रमुख सुशोभन देबकोटा र अस्पतालका प्रमुख कार्यकारी अधिकृत अनिल ओडूविलले हस्ताक्षर गर्नुभएको छ।

यस सम्झौता अनुसार, अस्पतालले बैंकका डेबिट/क्रेडिट कार्ड एवूम बैंकको मोबाइल एप (ग्लोबल स्मार्ट प्लस) प्रयोगकर्ताहरुलाई स्वास्थ्य सेवाहरुमा न्यूनतम् १० प्रतिशतदेखि शतप्रतिशतसम्मको छुट प्रदान गर्नेछ।

छुट सुविधाका लागि सेवाग्राहीले अस्पतालमा उपलब्ध स्वास्थ्य सेवाहरु उपभोग गर्न बैंकको डेबिट तथा क्रेडिट कार्ड वा मोबाईल बैंकिङ्गको प्रयोग गरी बिल भुक्तानी गर्नुपर्नेछ।

अस्पतालमा बैंकका ग्राहकहरुले दर्ता शुल्कमा १०० प्रतिशत, अस्पतालको सामान्य शैया शुल्कमा २५ प्रतिशत, नियमित जाँचमा १५ प्रतिशत र शल्यचिकित्सा (अपरेशन) तथा विशेष परीक्षण शुल्कमा १० प्रतिशत छुट पाउनेछन् । बैंकका ग्राहकहरुलाई डाक्टरको परामर्शमा भने कुनै शुल्क लाग्ने छैन।

आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न किसिमका समय सान्दर्भिक योजनाहरु ल्याएर ग्राहकहरुलाई लावान्भित गर्दै आएको छ।

ग्लोबल आइएमई बैंक युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकका बैंक हो । साथै, ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट फरकफरक विधामा समेत ग्लोबल आइएमई बैंक सम्मानित भएको छ।

ग्लोबल आइएमई बैंक मुलुकका ७७ वटै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्र रहेका छन।

# सरकारले प्रशोधित भैँसीको मासु चीन निर्यात गर्ने

काठमाण्डु । सरकारले प्रशोधित भैँसीको मासु चीन निर्यात गर्ने विषयमा द्विपक्षीय सम्झौताको तयारी गरेको छ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले दुई मुलुकबीच सम्झौताका लागि आवश्यक पत्र तयार गरी चिनियाँ सरकारलाई पत्राचार गरेको मन्त्रालयका सहप्रवक्ता डा तपेन्द्र बोहराले जानकारी दिनुभयो।

मन्त्रालयले गृहकार्य पूरागरी तयार गरिएको 'सम्झौतापत्र' मन्त्रिपरिषद्को बैठकले स्वीकृत गरिसकेको सो पत्र चीनलाई पठाइसकेको जनाएको छ। चीन सरकारले मिति तय गरेपछि दुई देशबीच निर्यातसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर हुनेछ। स्वीकृत सम्झौतापत्र प्रस्तावका रुपमा परराष्ट्र मन्त्रालयले कूटनीतिक माध्यमबाट चीनलाई पठाइसकेकाले चीनको जवाफ प्राप्त हुनासाथ औपचारिक रूपमा द्विपक्षीय सम्झौता हुने सहप्रवक्ता बोहराले बताउनुभयो।

सहप्रवक्ता बोहराका अनुसार गत वर्ष असोजमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले चीन भ्रमणका क्रममा गर्नुभएको सम्झौतामध्ये 'कुक्ड बफेलो मिट' चीन निर्यात गर्ने विषय पनि समावेश थियो। सम्झौतापश्चात् चीनको 'जनरल एडमिनिस्ट्रेशन अफ कस्टम'ले नेपाललाई मासु उत्पादनमा जोखिम विश्लेषणसम्बन्धी कागजात पठाएको थियो।

उक्त सहमतिलाई कार्यान्वयन तहमा लैजान मन्त्रालयले आवश्यक सम्झौतापत्र तयार पारेर चीन पठाएको हो। चीन भन्सारको सामान्य प्रशासन (जिएसिसी) ले मासुसहित १८ खाद्य वस्तु आयातसम्बन्धी नीतिनियम छ।

जिएसिसीले मासु आयातका लागि भैँसी रोगमुक्त हुनुपर्ने, खाद्य, स्वच्छतासहित नेपाली हावापानीमा उत्पादन हुनुपर्ने, ३० महिना मुनिको भैँसी हुनुपर्ने, 'बध' गर्दा सरकारले तोकेको मापदण्ड पालना गरेको हुनुपर्नेलगायत नियम बनाएको छ। अन्तर्राष्ट्रिय मापदण्डअनुसार नियम पालना गरी नेपालले मासु निर्यात गर्नुपर्नेछ।

मन्त्रालयले मासु निर्यात गर्न मधेस प्रदेश, बागमती प्रदेश र लुम्बनी प्रदेशका केही जिल्लालाई भैँसीको मासुका लागि पकेट क्षेत्र निर्धारण गरेको छ। मन्त्रालयले त्यस क्षेत्रमा मासुका लागि अन्तर ाष्ट्रिय मापदण्ड पूरा गर्न पूर्वाधार विकास गर्ने तथा केही उद्यमीलाई भैँसीपालनको अनुमति प्रदान गरेको छ। उक्त सम्झौताअनुसार मासु निर्यात भएपछि चीनसँग व्यापारघाटा न्यूनीकरण हुने अपेक्षा गरिएको छ ।रासस

# विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार शुक्रबार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ ०६ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ६६ पैसा निर्धारण गरिएको छ।

युरोपियन यूरो एकको खरिददर एक सय ४८ रुपैयाँ ०२ पैसा र बिक्रीदर एक सय ४८ रुपैयाँ ६८ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७५ रुपैयाँ ६६ पैसा र बिक्रीदर एक सय ७६ रुपैयाँ ४४ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५७ रुपैयाँ ७७ पैसा र बिक्रीदर एक सय ५८ रुपैयाँ ४८ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ९१ रुपैयाँ ७४ पैसा र बिक्रीदर ९२ रुपैयाँ १५ पैसा, क्यानेडियन डलर एकको खरिददर ९९ रुपैयाँ ०२ पैसा र बिक्रीदर ९९ रुपैयाँ ४६ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय तीन रुपैयाँ ३६ पैसा र बिक्रीदर एक सय तीन रुपैयाँ ८२ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ १३ पैसा र बिक्रीदर नौ रुपैयाँ १७ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ १० पैसा र बिक्रीदर १९ रुपैयाँ १९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ७२ पैसा र बिक्रीदर ३५ रुपैयाँ ८८ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ७८ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९४ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ०५ पैसा र बिक्रीदर चार रुपैयाँ ०६ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ५० पैसा र बिक्रीदर ३६ रुपैयाँ ६६ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ७६ पैसा र बिक्रीदर ३१ रुपैयाँ ९० पैसा कायम छ। साउथ कोरियन वन एक सयको खरिददर १० रुपैयाँ ०४ पैसा र बिक्रीदर १० रुपैयाँ ०९ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ ०२ पैसा र बिक्रीदर १३ रुपैयाँ ०८ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ८४ पैसा र बिक्रीदर १९ रुपैयाँ ९३ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ २६ पैसा र बिक्रीदर १७ रुपैयाँ ३४ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३८ रुपैयाँ २० पैसा र बिक्रीदर चार सय ४० रुपैयाँ १७ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५५ रुपैयाँ ५७ पैसा र बिक्रीदर तीन सय ५७ रुपैयाँ १६ पैसा तोकेको छ।

भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ । राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस


## भूमि सुधार तथा मालपोत कार्यालय, कलैया, बारा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

भूमि सुधार तथा मालपोत कार्यालय कलैया, बाराबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना सुन्दर राउत कुर्मीको नाती/नातिनि/बुहारी रामजनम राउत कुर्मीको छोरा/छोरी/श्रीमती जिल्ला पर्सा साबिक गा.वि.स. नगवा वडा नं. १ जिल्ला पर्सा बिरगंज उप.म.न.पा. वडा नं. ४ बस्ने शिवशंकर राउत कुर्मीले तपसिलमा उल्लेखित जग्गा/घरजग्गा मेरो बुवाको फुपु नाताको महरजिया कुर्मीनको नामको साबिक दर्ता लगत भिडाई महरजिया कुर्मीनको नामबाट मेरो नाममा नामसारी/दा.खा. दर्ता गरी पाउँ भनि द.नं. ३१३२५ मिति २०८१/०१/१७ को निवेदनबाट माग दाबी गरेकाले माग बमोजिम निवेदकको नाममा ना.सा./दा.खा./दर्ता गर्न नमिलने कुनै कारण भए वा अन्य कसैको हकदावी लागने भए वा सरकारी सार्वजनिक सम्पत्तीको नोकसानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित दावी उजुर गर्न आउनु होला। सूचना गर्ने होला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैको लागि सुचीत गरिन्छ।

**तपसिल**

| गा.वि.स. | वडा नं. | कि.नं. | ज.वि. | जग्गाधनी |
|---|---|---|---|---|
| विश्रामपुर | ९ | १२४ | ०-२-० | महरजिया कुर्मीन |

# सीमा क्षेत्रमा बाढी, कटान र डुबान समाधानका लागि ठोस नीतिको खाँचो

**टुडे समाचारदाता**

जनकपुरधाम । सीमा क्षेत्रमा बाढी तथा डुबान समस्या समाधान सन्दर्भमा नेपाल र भारतले स्थायी समाधानको बाटो पहिल्याउनु पर्नेमा जोड़ दिइएको छ।



नेपाल भारत खुल्ला सीमा संवाद समूहद्वारा जनकपुरधाममा शुक्रबार आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले सो कुरामा जोड़ दिँदै दुबैतिरको जनताको जनधनको सुरक्षाका लागि दुबै देशको सरकार गम्भीर हुनु आवश्यक रहेको बताए।

वर्षायाममा हुने डुबान कटान , चुरे दोहन , अनियन्त्रित नदीका कारण निम्तिने समस्या समाधान गर्न दुबै देशले पहल गरी नागरिकको क्षतिलाई न्यूनीकरण गर्नु आवश्यक रहेको सहभागीहरुले धारणा राखे।

अव्यवस्थित बसोबास , चुरे दोहन , वन फडानी , नदीजन्य सामग्रीको उत्खनन् लगायतका क्रियाकलाप प्राकृतिक विपत् लाई आमन्त्रण गरिरहेको चर्चा गर्दै सहभागीरुले ढुबान , कटान समस्या समाधानका लागि ठोस नीति निर्माणको खाँचो औल्याए।

सीमा वारिपारी बाढी तथा डुबानबाट बालीनालीको क्षति हुनुका साथै नागरिक विस्थापित हुनुपर्ने समस्या दोहारिरहेको सहभागीहरुले प्रसंग उल्लेख गरे।

सहभागीहरुले कुनै पनि प्राकृतिक विपत्लाई रोक्न नसकिने भए पनि त्यसबाट हुनसक्ने क्षति न्यूनीकरणका लागि सजग हुनु जरुरी भएको बताए।

प्राकृतिक रक्षा कवचहरुसँग खेलबाड गर्ने प्रवृत्ति जानु पनि विपत्को कारक तत्व रहेको बताउँदै उनीहरुले जलको स्वाभाविक निकासलाई बन्द गरिने क्रियाकलापका कारण पनि प्राकृतिक विपत्का घटना वर्षेनि बढ्दै गएकोतर्फ ध्यानाकर्षण गराए।

प्राकृतिक विपत्लाई राजनीतिक चश्माले हेर्नु हुँदैन भन्दै सहभागीहरुले भारतीय दूताबासले वस्तुगत रुपले समस्या समाधानको पहल गर्नु आवश्यक रहेको धारणा व्यक्त गरे।

प्लाष्टिकजन्य सामग्रीले पनि नदीको बहावलाई अवरोध पुऱ्याउने गरेकोतर्फ सजग हुनु जरुरी रहेको बताउँदै सहभागीहरुले ढलमा प्लाष्टिकजन्य सामग्री थुपरिदै जानु पनि जलमग्न, बाढीको कारक भएको बताए।

स्थानीय निकाय यी समस्याहरु गम्भीर नभएका कारण पनि वर्षेनि चुनौती थपिदै गएको बताउँदैं सहभागीरुले सही सूचना नदिनु पनि घातक सिद्ध भइरहेको चर्चा गरे।

नदी नियन्त्रण , डाइभर्सन , जलसतहको अध्ययन कार्यलाई प्रभावकारी बनाउनु आवश्यक रहेको चर्चा गर्दै सहभागीहरुले प्राकृतिक विपत्मा दुबै देशको सहयोग र सद्भावको अपेक्षा व्यक्त गरे।

सीमावर्ती डुबान कटानजन्य समस्या समाधानका लागि दुबै देशका जलस्रोत सचिव स्तरीय संयुक्त निर्देशक समिति र सहसचिवस्तरीय संयुक्त कार्यदलका बैठक बेलाबखतमा बस्दैआए पनि ठोस निकास निकाल्न नसकेकोमा सहभागीहरुले चिन्ता व्यक्त गरे।

कुनै समयमा भारतीय नेता भोगेन्द झाले बाढी , डुबान , कटान समस्या समाधानका लागि नुनथर, चिसापानीमा डयाम निर्माणका योजना अघि सारेको स्मरण गर्दे सहभागीहरुले नेपाल भारत सीमा द्विपक्षीय सहकार्यको विधि बसाउनु आवश्यक रहेकोमा जोड़ दिए।

समूहका प्रदेश अध्यक्ष श्यामकुमार सिंहको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेसका मधेश प्रदेश सभापति एवं पूर्वमन्त्री कृष्णा यादव, जिल्ला समन्वय समितिका सभापति राजनन्दन मण्डल समूहका केन्द्रीय अध्यक्ष राजीव झा, शिवशंकर साह हिरा, बिन्दु ठाकुर, प्रेमचन्द्र झा, श्यामसुन्दर शशि, कैलाश दास, रत्नेश्वर कर्ण, ललित झा, संजय चौधरी, जितेन्द्र महासेठ ,शत्रुधन साह, दीपक यादव मनोज चौधरी, रामजी राय, भूषण सिंह, जनकपुरधाम- ३ का वडाअध्यक्ष दीपेन्द्र साहलगायतले धारणा व्यक्त गरेका थिए।

# पाँच करोडको दशैं



ब्लग :



श्यामसुन्दर शशि

बडा दशैंको आगमनसंगै मिथिलान गरी जनकपुरधाम बेहुलीझैं शृंगारिएको छ। चोक-चोकमा आकर्षक प्रवेशद्वारहरु निर्माण गरिएका छन् । पहिलेको भन्दा सफाईमा पनि सुधार भएको छ। राजदेवी मन्दिर, अमरखना माई, बौधि माई, पियरिया माई, सोनासत्तीलगायत शक्तिपीठहरुलाई विशेष शृंगार-पटार गरिएको छ। विद्यापति चोक, रामानन्द चोक, जीरोमाइल, पूल चोक आदी स्थानमा दुर्गा प्रतिमा निर्माण गरेर सविधिपूजा-पाठ र आराधना गरिँदैछन्। हो, श्रद्धालुको ओइरो लाग्ने राम मन्दिरको चारैतर्फ सडकमै खोल्न लगाइएको पटके पसलहरुले 'रेशमके साडीमे तातका पैबन्द' भएको छ। बट्टी उठाउने लोभमा युवा कमिटीहरुले यी पटके पसलहरु खोल्न दिएको गुनासो छ । यसले सहडको शोभा त बिगारेकै छ, ठूलो दुर्घटनाको कारण पनि बन्न सक्छ।



शक्तिपीठहरुमा बिहानैदेखि लाग्ने दर्शनार्थीहरुको अटूट शृंखला अवेर रातिसम्म चल्छ । लाखौं श्रद्धालुको व्यवस्थापन गर्ने पूजा आयोजक श्रीरामयुवा कमिटी र महावीर युवा कमिटीका पदाधिकारी एवं स्वयंसेवकहरु बधाईका पात्र हुन्।

बडा दशैंको अवसरमा आकर्षक दुर्गा प्रतिमा, ठूल्ठूला पण्डाल, झाड-फानुस, प्रवेशद्वार, भजनकीर्तन, भोज-भतेर, रंगारंग सांस्कृतिक कार्यक्रम तथा भीआईपी र भीभीआईपीहरुको सत्कारमा बाडिने चुनरी र फूलमाला आदीमा जनकपुरधामका युवा क्लवहरु झण्डै पाँच करोड खर्च गर्छन्। कृपया पाँच करोड भनिरहँदा अपत्यारिलो नमानिदिनु होला । जनकपुरधामका श्रीराम, महावीर र रामानन्द युवा क्लब मात्र झण्डै डेढ करोड खर्च गर्छन् । जनकपुरधाममा यस्ता दर्जनौं संघ संस्था छन् जो बडा दशैंको अवसरमा विशेष आयोजन गर्छन्। उनीहरुको खर्च पनि ५ लाखदेखि २० लाखसम्म हुन्छ। खर्चको जोहो स्थानीयसंग चन्दा, व्यावसायिक विज्ञापन र बोका बलीको आयबाट गरिन्छ।

जनकपुरधामको सबभन्दा पुरानो राम मन्दिरको हाताभित्र अवस्थित राजदेवी मन्दिरको भौतिक संरचना पुरानो भइसकेको छ। छत चुहिने समस्या छ। पर्खालहरु भत्किँदै छन्, तर राजदेवी मन्दिर बाहिर लाखौंको लगानीमा आकर्षक प्रवेशद्वार निर्माण गरिएको छ । यसवर्ष पनि लाखौं रुपियाँ खर्च गरेर भव्य पण्डाल तथा विद्युतिकरण गरिएको छ। बडा दशैंमा लाखौं बजेट परिचालन गर्ने श्रीराम र महावीर युवा कमिटी श्रद्धालुहरुको जुत्ताचप्पल राख्ने स्टेण्ड सम्मको व्यवस्था गर्न सकेको छैन । बौधि माई मन्दिर र अमरखनामाई मन्दिरको अवस्था पनि लगभग यस्तै छ। मन्दिर बाहिर लाखौं खर्चेर आकर्षक प्रवेशद्वार निर्माण गरिएका छन्।

देवी चोकस्थित भगवति मन्दिर र अंगराज सरको पूर्वी डिलमा अवस्थित राजदेवी मन्दिरको सजावटमा पनि लाखौं खर्च गरिएको छ। दशैंमा सर्वाधिक खर्च गर्ने युवा क्लवहरुमा राम युवा कमिटी, महावीर युवा कमिटी, रामानन्दयुवा कमिटी, बजरंग युवा कमिटी तथा विद्यापति कोष प्रमुख मान्छिन्।

जनकपुरधामका युवा क्लबहरुले गर्ने यस खर्चलाई के भन्ने ? उत्पादक की अनुत्पादक ?? बडा दशैं उपासना हो की उत्सव ? पछिल्ला केही वर्ष देखि यहाँका बौद्धिक समाजमा यो सवाल चर्चाको विषय बनेको छ।

जनकपुरधाम उपमहानगर पालिकाका मेयर मनोज कुमार साह वर्षापछि सुस्ताएको जनकपुरधाम बजारलाई बडा दशैंले उर्जा प्रदान गरेको बताउँछन् । तर सर सजावटको नाममा करोडौं खर्च गर्नु अनुत्पादकखर्च भएको उनको तर्क छ। मेयर साहका अनुसार- असत्यमाथि सत्यको विजय भएको मानिने बडा दशैंको ९ दिनपर्व, उपवास, भक्ति, उपासना गर्नु पर्ने तथा विजय प्राप्त गरेको दिन अर्थात् विजया दशमीको दिन उत्सव मनाउनु पर्ने तर्क अघि सार्छन्।

उपमेयर किशोरी साहले पनि पछिल्ला केही वर्षदेखि दशैंमा पूजा पाठ भन्दा तामझाम प्राथमिकता पाएको प्रतिक्रिया दिन्छन्।

तर युवा कमिटीका वर्तमान र पूर्व पदाधिकारीहरु भने दशैंको अवसरमा साज शृंगारमा गरिने खर्चकै कारण जनकपुरधामको पर्यटन व्यवसाय बढेको प्रतिक्रिया दिन्छन् । उनीहरु दाबीका साथ भन्छन्- आफ्नो (मिथिला) संस्कृतिको संरक्षणमा युवा कमिटीहरुको अहम् भूमिका छ । हो, यी युवा कमिटीहरुकै मिहिनेतका कारण जनकपुरधामको बडा दशैं नेपालकै सबभन्दा आकर्षक दशैं बनेको हो ।थोर बहुत पर्यटक पनि आउन थालेका छन् । तर म विनर्मतापूर्वक सोध्न चाहन्छु- आफ्नो संस्कृतिमा भगवतीसंग सम्बन्धित हजारौं लोकगीत हुँदाहुँदै 'माता ने बुलाया है......।' गीत बजाउँनुको अर्थ के हो ?

ठूल्ठूला मेला, धार्मिक, राजनीतिक तथा सांस्कृतिक जमघटहरुमा भगदड मचेको र अनेकौ व्यक्तिले अनाहकमा ज्यान गुमाएको घटना हामी सबैले सुनेकै छौं। हजारौंलाखौंको जमघट हुने स्थानमा भगदड हुनु, बिजुली सर्ट हुनु वा खाने पानी वा प्रसादको लागि हल्लाखल्ला हुनु स्वाभाविक हो । आयोजक तथा स्थानीय प्रशासन सम्भावित यस्ता दुर्घटना रोक्नपूर्व तयारी गर्छन्। पूर्व तयारीको पहिलो सर्तको खुल्ला स्थानको व्यवस्था गर्नु। भगदड वा अन्य कुनै दुर्घटना हुँदा सर्वसाधारण खुला स्थानमा भागेर ज्यान जोगाउन सक्छन् । तर बडा दशैंको व्यवस्थापन गर्ने युवा कमिटीहरुले राम मन्दिर अगाडिको पुरानो पार्कमा ठुलो पिङ संचालन गर्न लगाएका छन्। बोधि माई मन्दिरको सानो चौरमा पनि खेल तमासा लगाइएको छ । यसबाट कमिटीहरुले केही आम्दानी त गर्न सक्छ, तर कथंकदाचित कुनै दुर्घटना भयो भने श्रद्धालुको ज्यान भने जोगाउन सक्दैनन् । स्थानीय प्रशासनले पनि यस विषयलाई गम्भीरतापूर्वक लिनु पर्ने हो।

जे भए पनि जनकपुरधामका युवाहरुको परिश्रमले यहाँको बडा दशैं, छठ तथा गणेश पूजा जगजियार भएको छ, तर यो नेपाल र मधेश सरकारको लागि कुनै अर्थ राख्दैन । जनप्रतिनिधिहरु दशैंमा शक्तिपीठहरुमा दर्शन गर्न आउँछन् । युवा कमिटीहरुले निर्माण गरेको मञ्चमा विराजमान भएर चुनरी र फूलमाला थाप्छन् अनि अ-आफ्ना घर फर्किन्छन् । जनकपुरको बडा दशैंलाई पर्यटन बोर्डको पर्यटकीय गन्तव्यको रुपमा सूचीमा सूचीकरण गराउन जोडबल गर्दैनन् । मधेश प्रदेश सरकार जनकपुरधामसहित मधेश प्रदेशका पर्यटकीय गन्तव्यबारे सही योजनासम्म बनाउन सकेको छैन।

# सीमलताल बस दुर्घटनामा ज्यान गुमाएका परिवारलाई एक लाख

**टुडे समाचारदाता**

जनकपुरधाम। सीमलताल बस दुर्घटनाका मृतक परिवारलाई मधेश प्रदेश सरकारले प्रति व्यक्ति १/१ लाख रुपैयाँ उपलब्ध गराएको छ। करिब तीन महिना पछि प्रदेश सरकारले सिमलताल बस दुर्घटनामा ज्यान गुमाएका परिवारलाई १/१ लाख रुपैयाँको चेक हस्तान्तरण गरेका छ।

प्रदेशका ४ जिल्लाका ३९ जना मृतक परिवारलाई प्रति व्यक्ति १/१ लाख रुपैयाँको चेक शुक्रबार हस्तान्तरण गरिएको मुख्यमन्त्री सतीशकुमार सिंहले जनाएका छन् ।




सीमलताल बस दुर्घटनामा मधेश प्रदेशबाट धेरै जनाले ज्यान गुमाएका थिए। सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूले सनाखत गरेर पठाएका परिवारलाई मधेश सरकारले चेक हस्तान्तरण गरेको मुख्यमन्त्री सिंहले बताए।

असार २८ नारायणगढ-मुग्लिङ सडकस्थित सीमलतालमा दुईवटा बस दुर्घटनामा परेको थियो । सो दुर्घटनामा परी मधेसका पर्सा, बारा, रौतहट र सर्लाहीका गरी ३९ ले ज्यान गुमाएका थिए। मधेश सरकारका अनुसार पर्साबाट १०, बाराबाट ६, रौटहटबाट १९ र सर्लाहीबाट ४ जनाले दुर्घटनामा ज्यान गुमाएका थिए । मधेश प्रदेश सरकारले ३९ लाख रुपैयाँ विरतण गरेको छ।

# बोदे बर्साइनमा नवनिर्वाचित नगर व्यापार समितिका पदाधीकारीद्वारा पदभार ग्रहण

**टुडे समाचारदाता**

राजविराज । उद्योग व्यवसायीहरुको छाता संगठन नगर व्यापार समितिका नवनिर्वाचित पदाधिकारीहरुले पद तथा गोपनियताको शपद लिँदै पदभार ग्रहण गरेका छन्।



शुक्रबार सप्तरीको बोदबर्साइन नगरपालिका- ५ स्थित गुदरी हाटमा आयोजना गरिएको कार्यक्रममा बोदेवर्साइन नगर व्यापार समितीका नवनिर्वाचित पदाधिकारीहरुले पद तथा गोपनियताको शपथ लिदै पदभार गरेका हुन।

हालै सम्पन्न निर्वाचनमा नगर व्यापार समितीको अध्यक्षमा देवनारायण साह, उपाध्यक्षमा राधेश्याम भगत, नागेश्वर प्रसाद साह, सचिवमा अनिल प्रसाद सिंह र कोषाध्यक्षमा ज्योति देवी अग्रवाल निर्वाचित भएका छन्।

त्यस्तै सदस्यहरुमा राज कुमार साह बिरेन्द्र, मनोज कुमार यादव, मिथलेश कुमार यादव, प्रमोद कुमार साह, भदौ देवी साह, अझर अली, लक्ष्मी साह, महेश कुमार साह, पशुपती साह र आसुतोष कुमार यादव निर्वाचित भएका छन्।

सप्तरी उद्योग बाणिज्य सघका अध्यक्ष लालु प्रसाद अग्रवालले नगर समितीका अध्यक्ष साहललाई शपथ ग्रहण गराए । नवनिर्वाचित अध्यक्ष साहले बाँकी निर्वाचित पदाधिकारीसहित सदस्यहरुलाई शपथ ग्रहण गराएका थिए।

सो कार्यक्रमका प्रमुख अतिथि राष्ट्रियसभा सदस्य मृगेन्द्र कुमार सिंह यादवले कार्य समितिका नवनिर्वाचि पदाधिकारीहरुलाई प्रमाण पत्र विततरण गरेका थिए।

सो अवसरमा उनले नयाँ कार्य समितीलाई शुभकामना दिँदै आफनो पेशागत हकहितका साथै आम उपभोक्ताको हितको समेत ख्याल राख्न उद्योगी व्यवसायीहरुलाई सुझाव दिए । उनले सरकारले उद्योगी व्यवसायी मैत्री ऐन कानुन ल्याउन नसक्दा यहाँको व्यापार व्यवसाय फस्टाउन नसकेको र ब्यापारीहरु पनि समस्यामा परेको भन्दै सो समस्या समाधानका लागि आफूले पनि सक्दो पहल गर्ने प्रतिवद्धता समेत जनाए।

सप्तरी उद्योग बाणिजय संघका अध्यक्ष लालुप्रसाद अग्रवालले दशैं लगायतका ठुला चाडपर्व सुरु भइसक्दा पनि बजारमा रौनक नदेखिएको बताए।

सो कार्यक्रममा प्रदेश सांसद अनिरुद्ध प्रसाद सिंह यादव, संविधानसभा सदस्य सुरेन्द्र यादव, बोदेवसाईन नगरपालिकाका मेयर आतेस सिंह यादव, महिला नेतृ डा.बबि सिह यादव लगायतहरुको समेत उपस्थिति रहेको थियो।

# १२औं वार्षिक साधारणसभा सम्पन्न



**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौरस्थित देव बचत तथा ऋण सहकारी सस्था लिमिटेड गौरको १२औं वार्षिक साधारण सभा शुक्रबार सम्पन्न भएको छ।

लालबिहारी साहको सभापतित्वमा भएको सो कार्यक्रममा इशनाथ नगरपालिकाका नगर प्रमुख कौशल्या देवीले सहकारीको विकास नभएसम्म सामाजिक विकास संभ्व नरहेको बताएकी छन्।

कौशिल्या देवीले महिलाहरुको जागरूकता सहभागिताले सामाजिक परिवार्ता भैरहेको आभास भएको उल्लेख गरिन्। नगर प्रमुख कौशल्या देवीले सहकारिको माध्यमबाट नै सामाजिक विकास संभव रहेकोले समृद्ध नेपाल सुखी नेपाली अभियान पूरा गर्न सहकारीको विकास गर्नु पर्ने धरना राखिन्।

सहकारी सस्थामा गरिब, आर्थिक अवस्था कमजोर भएका परिवारहरु जोडिएकोले ऋण प्रवाहको प्रक्रिया सहज बनाउन संचालकहरुलाई आग्रह गरे । ऋण लिन क़ानूनी प्रक्रिया जटिल रहेकोले ऋण लिन समस्या भैरहेको उहाको भनाइ रहेकी छिन्। कर्जा प्रवाह गर्ने वित्तीय सस्था बैंकहरु बढ़ी भए पनि बैंकबाट कर्जा लिन सवै व्यक्ति सक्षम हुने अवस्था नरहेकोले सहकारी संस्था मार्फत ऋण लिन सजिलो हुनु पर्ने वातावरण बनाऊन आग्रह गरिन्।

बाढी पीडित, दैविक प्रकोपमा परेकाहरुलाई सहयोग गर्न छुट्टै कोष खड़ा गर्न समेत सुझाव दिइन्।

त्यस्तै वडा न.२ का वडाअध्यक्ष धर्मेन्द्र साहले बचतको माध्यम गरीवी न्यूनीकरण र दिगो विकासको लागि सहकारी नै आवश्यक भएको बताए । सहकारीको विकास भए आर्थिक विकास हुने दावी गरे।

नेपाल पत्रकार महासंघ रौतहट शाखाका अध्यक्ष प्रेमचन्द्र झा, सोसंस्था निर्देशक नागेन्द्र साहलगायतकाले शुभकामना दिए।

सो साधारण सभामा सस्थाका अध्यक्षले आर्थिक कारोबारको विबरण प्रस्तुत गरेका थिए। सस्थाले ५ करोड़ ९४ लाख ७ हजार ४६ रुपैया लगानी गरेर ३ लाख ४८ हजार ४ सय १५ रुपैया नाफा गरेको छ।

# बाढी पीडितलाई राहत सहयोग

**टुडे समाचारदाता**

रौतहट । अविरलको वर्षा संगै गत असोज १२ गते लाल बकैया नदीमा आएको बाढीका कारण घरविहीन बनेका इशनाथ नगरपालिका- १ स्थित बन्जरहामा बाढी पीडितहरुलाई इशनाथ नगरपालिकाले राहत वितरण गरिएको छ।

अविरल वर्षासंगै लाल बकैया नदीमा आएको बाढीले इशनाथ नगरपालिका- १ स्थित बन्जरहाका स्थानीय हजारौं घरपरिवारलाई बिस्थापित गरेको थियो। घरमा पानी पसेपछि छिमेकीको घरमा बसोबास गरेका स्थानीयहरुले बताए। बाढी आएको बेलामा आवतजावत कुनै किसिमको सहयोग हुदैन भने छिमेकीको घरमा रात बिताएका हुन्।



शुक्रबार इशनाथ नगरपालिकाका नगर प्रमुख कौशल्या देवी, प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ता, वडा नम्बर १ का अध्यक्ष बिगु गप्ता, वडा न. २ का अध्यक्ष धर्मेन्द्र साह, वडा न. ४ का वडा अध्यक्ष सत्रुधन सिंह लगायतको टोलीले पीडितहरुलाई प्रति घरपरिवार २० किलो चावल ५ किलो आलु ५ किलो प्याज २ किलो दाल २ लिटर खाने तेल २ प्याकेट नुनसहित राहत प्रदान गरेको छ।

इशनाथ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ताले लाल बकैया नदीले वर्षौदेखि वडा न. १ स्थित बन्जरहामा क्षति हुँदै आएको तथ्याग देखाउँछ । नगरपालिकाले पीडितहरुको पीडामा मलम लगाउन सहयोग उपलब्ध गरेको बताए । उहाँले तत्काल संघीय र प्रदेश सरकारले इशनाथ नगरपालिका वासीहरुलाई पीडितहरुलाई पनि उचित ब्यबस्थापन गरि राहत उपलब्ध गराउनु पर्ने बताए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८